# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti

DHARMAKIRTI

वर्ष: ४२, अङ्क: ६

बु.सं. २५६८, यैँया: पुन्हि:



धर्मकीर्ति विहारको धम्महलमा दाता द्रब्यमान सिंह, बसुन्धरा तुलाधर सपरिवारबाट
स्थापना गरिएको भिक्षुणी महाप्रजापति गौतमीको प्रतिमा

# धर्मकीर्ति विहारय् न्हिच्छियंकं अभिधर्म पाठ



धर्मदेशना यानाबिज्यास्य श्रद्धेय धम्मवती गुरुमां



धम्मसङ्गणि पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
श्रद्धावती व इन्दावती



विभङ्ग पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
श्रद्धावती व वीर्यवती



धातुकथा पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
जवनवती व त्यागवती



पुग्गलपञ्ञति पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
अनुपमा व सुजाता



कथावत्थु पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं पञ्ञावती, मेत्तावती व क्षान्तिवती



यमक पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं खेमावती व शुभवती



पट्ठान पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं ञाणवती, अमता व सुवण्णवती

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६८

नेपाल सम्बत् ११४४

इस्वी सम्बत् २०२४

बिक्रम सम्बत् २०८१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly

**18th SEPTEMBER 2024**

| वर्ष- ४२ | अङ्क- ६ | यँया: पुन्हि | आश्विन २०८१ |
|---|---|---|---|





**अहं नागोव सङ्गामे – चापातो पतितं सरं**
**अतिवाक्यं तितिक्खिस्सं – दुस्सीलो हि बहुज्जनो ।**

**"संग्रामे धनुषं कयेकाहःगु वाणया चोटयात किसिं सहःयाःथें जिं नं मेपिनिगु कटुवाक्य सहः यायें । छाय्धाःसा थ्व संसारय् दुशीलपिं व्यक्तिपिं आपालं दु ।"**

**"लडाईंमा धनुषबाट छोडिएको बाणको चोटलाई हात्तीले सहेर अगाडि बढे जस्तै मैले पनि अरुले प्रहार गरेको कटुवाक्यलाई सहनेछु । किनभने यस संसारमा दुशील व्यक्तिहरू नै धेरै छन् ।"**

**As an elephant on the battlefield endures the arrow shot from the bow. So also shall I patiently bear insult. Because there are many of evil mind in the world.**

# विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय- आदर्शमयी आर्य नारी महाप्रजापति गौतमी | – | ३ |
| ३) | धर्म सार्वजनिन | – सत्यनारायण गोयन्का | ४ |
| ४) | पुण्य बिया: मांया ऋण पुलाच्वना | – प्रेमलक्ष्मी तुलाधर | ७ |
| ५) | सफूया गुण | – नातीकाजी महर्जन | ७ |
| ६) | स्नेही छोरी "उद्देश्य पथमा" | – बर्मी भिक्षु र वे थ्वं महास्थविर | ८ |
| ७) | दीघनिकायका सूत्रहरूको विश्लेषण | – कुसलञाणी गुरुमां | १० |
| ८) | बौद्ध-ऋषि महाप्रज्ञा | – रत्नसुन्दर शाक्य | १२ |
| ९) | पञ्च भौतिक देह छैन आफ्नो अधिनमा | – विद्याकुमारी बज्राचार्य | १३ |
| १०) | प्रकीर्ण वर्ग | – सत्यमोहन जोही | १४ |
| ११) | दान | – प्रदिक शाक्य 'घोषक' | १५ |
| १२) | निर्वाणमूर्ति विहारमा एक दिवशिय विपश्यना शिविर: एक स्मरण | – शिशिल चित्रकार | २० |
| १३) | धर्मकीर्ति समाचार | – | |




## ▪ सम्पादकीय ▪

# आदर्शमयी आर्य नारी महाप्रजापति गौतमी

आर्यनारी महाप्रजापति गौतमी ८० वर्षको वृद्धावस्थामा भिक्षुणी उपसम्पदा प्राप्त गरी शाक्यमुनि बुद्धको शासनकालमा "येँयाः पुन्ही" को दिन भिक्षुणी शासन स्थापना गर्नुभएको कार्य स्मरणिय छ। यस पावन दिनमा महाप्रजापति गौतमीले भिक्षुणी शासन स्थापना गरी नारी जातीलाई गृह जञ्जालबाट मुक्त रही निर्वाण हेतु प्राप्त गर्नको लागि अभ्यास गर्ने मौका प्रदान गर्नुभएको छ। यस महान कार्यको लागि उहाँले गर्नुभएको त्याग, तपस्या एवं संघर्षबारे उहाँको जीवनी अध्ययन गर्दा अझ स्पष्ट हुनेछ। त्यसैले भिक्षुणी शासन स्थापनार्थ महाप्रजापति गौतमीको आदर्शमय योगदानलाई पलपल स्मरण गर्नु हाम्रो कर्त्तव्य हुनेछ। येँयाः पुन्हिको पावन दिनले उहाँको महत्वपूर्ण योगदान स्मरण गर्न अझ बढि शक्ति प्रदान गरिरहेको छ।

आफ्नो दूधे बालक नन्द कुमारलाई धाई आमाको हातमा सुम्पी आफ्नी दिदी महामायादेवीको सुपुत्र सिद्धार्थ कुमारलाई स्तनपान गराई मातृस्नेहरूपी शितल छायाँ प्रदान गरी हुर्काउन सक्षम महाप्रजापति गौतमी बुद्ध माता बन्न सफल भइन्।

राज्य वैभव त्यागी अलौकिक सुख प्राप्त गर्न सफल हुनुभएकी गौतमीले त्यस समयको पुरुष प्रधान समाजमा अति कष्ट झेली भगवान् बुद्ध समक्ष भिक्षुणी उपसम्पदाको लागि गरु धर्म पालन गरी धर्मको ढोका उघारीदिन सफल हुनुभयो। त्यसैले संघनायिका महाप्रजापति गौतमीको गुणलाई इतिहासले सुवर्ण अक्षरमा कोरेको छ।

"रूपं जीरति मच्चानं नाम गोत्तं नजीरति" अर्थात् रूप जीर्ण भई नाश भएर गएपनि अरूको हितोपकारको लागि त्याग र बलिदान गरेर सम्पन्न गरेको कार्यले दिएको सुपरिणाम अमर कीर्तिको रूपमा बाँकी रहेको हुन्छ। त्यसैले महाप्रजापति गौतमीको योगदान एवं साहसिक कदमलाई हामीले कदर नगरी रहन सक्दैनौं।

तर यहाँ प्रश्न उठ्न सक्छ, भगवान् बुद्ध नारी स्वतन्त्रताको हिमायती भएपनि उहाँले नारीहरूलाई उपसम्पदा गर्ने कार्यमा किन ढिलाई गर्नुभएको होला ? गरु धर्म जस्ता नियमहरू पालन गर्नको लागि किन आदेश दिनु भएको होला? यस विषयमा एकपटक सोचौं।

नकारात्मकभन्दा सकारात्मक ढंगले सोच्न सके मानसिक शक्ति प्रबल हुने देखिन्छ। सकारात्मक ढंगले सोच्ने हो भने बुद्धकालिन समय पनि पुरुष प्रधान समय नै थियो। जुनबेला नारीहरूलाई दमन गरिने नै चलन थियो। त्यसैले त्यस समयको पुरुष प्रधान वातावरण अनुसार नारी उत्थान कार्यले मानिसहरूको मनमा विरोधाभास आउन नदिनको लागि पनि हतार नगरी विस्तारै यस अधिकार प्रदान गर्नुभएको देखिन्छ। भगवान् बुद्धले "थानाथान कोशल ज्ञान" लाई प्रयोग गर्नुहुँदै ठाउँ र समय सापेक्ष, वातावरण अनुकूलतालाई मध्य नजर राखी सो अनुसार कार्य गर्नुहुँदै महाप्रजापति गौतमी सहित अन्य भिक्षुणीहरूको सहनशीलता, निरभिमानी, अनुशासन पालन जस्ता विविध गुणले युक्त बनाउनका लागि नै र कठिन परिस्थितिलाई पनि सहर्ष डटेर सामना गर्न सक्षम बनाउनका लागि पनि गरु धर्म जस्ता कठिन नियम पालन गर्ने आदेश दिनुभएको देखिन्छ। पहिला सत्ययुगका तथागतहरूले नारी पुरुष भेदभाव नभएको अवस्था भएको कारणले होला उहाँहरूले गरु धर्मको उल्लेख बिना नै नारीवर्गलाई उपसम्पदा हुने अधिकार प्रदान गरेको देखिन्छ।

*( क्रमशः पेज १४ मा हेर्नुहोला )*



# धर्म सार्वजनिन

✍ सत्यनारायण गोयन्का

धर्म के हो अर्थात् धर्म केलाई भन्ने ? जे धारण गरेको छ त्यही धर्म हो । **'धारेती' ति धम्मं ।'**

धारण के गर्ने ? जस्ले जे स्वभाव धारण गरेको छ त्यही धर्म हो । **'अत्तनो स्वभाव धारते'ति धम्मं ।'**

स्वभाव, निसर्ग, प्रकृति, प्रकृतिको नियम, विश्वको विधान या त्यसको ऋतलाई धर्म भनिन्छ ।

आगोको धर्म बल्नु र बाल्नु हो । यसको अर्थ हुन्छ आगोको स्वभाव बल्नु र बाल्नु । यो प्रकृतिको एउटा नियम हो ।

जब सबै वस्तु अनित्य छ, सम्पूर्ण पदार्थ नाशवान अर्थात् जीर्ण हुन्छ, सम्पूर्ण प्राणी मरणधर्मा हो भन्दा यही अर्थ हुन जान्छ कि यी धर्मको स्वभाव हुन् । यी प्रकृतिको नियम हुन् ।

धर्मको परिभाषा दिंदा यहाँ बौद्ध, मुस्लिम, सिख आदि कुनै पनि शब्दको उल्लेख गरिएको छैन । यो न हिन्दू धर्म, न बौद्ध धर्म, न मुस्लिम धर्म, न ईसाई धर्म हो ।

बश यो त केबल धर्म हो । सार्वजनीन हो, सार्वदेशिक हो, सार्वकालिक हो । यसै प्रकारले जब कसैको मनमा क्रोध उत्पन्न हुन्छ, द्वेष-दुर्भाव उत्पन्न हुन्छ त्यो ब्यक्ति अवश्य दुःखी हुन्छ, अवश्य ब्याकुल हुन्छ । चाहे त्यो ब्यक्ति हिन्दू होस्, बौद्ध होस्, जैन होस्, मुस्लिम होस्, सिक्ख वा इसाई होस् । यही धर्म हो, यही प्रकृतिको नियम हो । आफ्नो मनमा क्रोध जगाएर प्रसन्न चित्तवान हुनु असम्भव कुरा हो । प्रकृतिले कसैलाई छुट दिँदैन, कसैलाई पक्षपात गर्दैन । ठीक यस्तै, जस्को मनमा मैत्री, करुणा, मुद्धिता, सद्भावना उत्पन्न हुन्छ उस्को मन सुख-शान्तीले पूर्ण हुन्छ यही प्रकृतिको अटुट नियम हो । कोही ब्यक्ति हिन्दू, बौद्ध, मुस्लिम वा इसाई आदि जुनसुकै सम्प्रदाय वादी होस् प्रकृतिले भेदभाव गर्दैन ।

जस्तो आगोले पोलेर उत्पन्न हुने जलन हिन्दू, मुस्लिम, बौद्ध जैन भनेर छुटिँदैन । त्यस्तै क्रोध र त्यसबाट उत्पन्न हुने संतापलाई हिन्दू, मुस्लिम, जनै आदि भन्न सक्दैन । त्यसरी नै सद्भाव र त्यसबाट उत्पन्न हुने शान्ति-सुखलाई हिन्दु, मुस्लिम, जैन भनेर छुट्याउन सक्दैन । एवं प्रकारले प्रकृतिको नियम अर्थात प्रकृतिको धर्मलाई हिन्दू, मुस्लिम, बौद्ध, सिक्ख, जैन आदि भन्न सकिन्दैन । भन्नु पनि हुँदैन ।

जब कोही ब्यक्ति क्रोधित हुन्छ तब कसरी छुटुयाउन सकिन्छ कि यो हिन्दू क्रोध हो, यो जैन क्रोध या बौद्ध क्रोध । क्रोध क्रोध नै हो यस्ले जलाउँछ नै । जो क्रोधित हुन्छ उ आफै जल्छ ।

बरफको धर्म अथवा स्वभाव हो शीतल हुनु, शीतल गर्नु । मैत्री, करुणा, सद्भावनाको धर्म वा स्वभाव पनि शीतलता हो । जसरी बरफलाई हामी हिन्दू, बौद्ध, मुस्लिम जैन आदि भन्न सक्दैनौं त्यसरी नै मैत्री, करुणा, सद्भावना आदि लाई हिन्दू, बौद्ध, सिक्ख, जैन आदि भन्न सक्दैनौं त्यसरी नै धर्म, प्रकृतिको नियम विश्वको विधान वा ऋतलाई हिन्दू, जैन, सिक्ख, आदि भन्न सक्दैनौं । त्यसरी नै धर्म, प्रकृतिको नियम, विश्वको विधान वा ऋतलाई हिन्दू, जैन, सिक्ख आदि भन्न सक्दैनौं । धर्मलाई केवल धर्म मात्र भन्नु ठिक हुन्छ । यसबाट कूनै भ्रान्ती हुने छैन ।

मान्छेले जब आफ्नो मन मैलो गर्दछ, मनमा बिकार उत्पन्न गर्दछ क्रोध, द्वेष, दुर्भावना, ईर्ष्या, अहंकार, वासना भय आदि उत्पन्न गर्दछ तब प्रकृतिले लगतै दण्ड दिन्छ । फलस्वरुप ब्यक्ति तुरुन्त ब्याकुल हुनेछ ।

मान्छेले जब जब आफ्नो मन निर्मल गर्दछ अर्थात् विकार-विमुक्त गर्दछ स्वतः स्वभावैले सद्गुणबाट पुष्ट हुन्छ र मैत्री, करुणा, मुद्धिता, समता सद्भावना, निःस्वार्थ सेवाभाव आदि पुष्ट हुन्छ । तब प्रकृति उस्लाई पुरस्कार दिन्छ र तुरुन्त सुख, शान्ति अनुभव गर्न थाल्छ ।

यो प्रकृतिको नियम हो । यही धर्म हो । सम्प्रदाय संग यस्को अलिकति पनि लेन देन छैन ।

जस्ले प्रकृतिको यस नियमलाई राम्ररी जान्दछ धर्मको स्वरुपलाई राम्ररी बुझ्दछ उस्ले आफ्नो जीवनलाई यस नियम अनुरुप ढाल्दछ अर्थात् मन मैलो बनाउँदैन ता कि प्रकृतिको सजाँय भोग्न नै नपरोस् । प्रकृतिको सजाँय भोग्नु पर्ने कुनै काम गर्दैन । उस्ले आफ्नो मन निर्मल बनाउन प्रयत्न गर्दछ । फलस्वरुप प्रकृतिको पुरस्कार प्राप्त गर्दछ । यस्तो व्यक्ति नै धर्मचारी हो, धर्म निष्ठ हो, धर्मी हो, धार्मिक हो । हिन्दू, बौद्ध, जैन, सिक्ख, मुस्लिम या इसाई आदि नामले पूकारोस् या कुनै पनि साम्प्रदायिक नामले नपुकारोस् तर त्यो व्यक्ति निश्चित रुपले धार्मिक नै हो । उसले असल जीवन जिउँछ, आफ्नो मंगल गर्दछ । आफ्नो मंगल गर्नुको साथै अन्यको पनि मंगल गर्दछ ।

कतिपय मानिसहरू प्रकृतिको नियम कानुन अर्थात् प्रकृतिको धर्मलाई नबुझि बिकार युक्त चितले जीवन जिउँछ फलस्वरुप उसले सँजाय, दण्ड भोगी राखेको हुन्छ । आफूलाई बिकार बिहीन बनाउने प्रयत्न कहिल्यै पनि गरेको हुँदैन । बिकार बिमुक्त बनाउन जानेको हुँदैन, त्यसर्थ प्रकृतिको सुफल कहिल्यै पनि प्राप्त हुँदैन । यस्तो व्यक्ति अधर्मचारी हो, अधर्म बिहारी हो, अधार्मिक हो, अधर्मी हो, पापी हो, पापाचारी हो । चाहे ऊ आफूलाई हिन्दू नामले पुकारोस् या बौद्ध, जैन, सिक्ख, मुस्लिम या इसाई । साम्प्रदायिक नामले व्यक्ति धार्मिक बन्दैन ।

प्रकृतिको नियमलाई धर्म भनिन्छ । प्रकृतिको नियम जो सबैलाई लागु हुन्छ । अणु अणुमा यो नियम लागु हुन्छ । सजीब तथा निर्जीब सबै त्यस नियमको आधीन हुन्छ । जुन सर्वभौमिक छ । यस्तो सर्वब्यापी धर्म कहिल्यै पनि साम्प्रदायी हुन सक्दैन । सम्प्रदायको सीमा भित्र बाँधिन सक्दैन । धर्म सार्वजनीन हो, सार्वजनीन हुन्छ पनि ।

धर्म हिन्दू हुँदैन, मुस्लिम हुँदैन, बौद्ध हुँदैन, सिक्ख हुँदैन, इसाई हुँदैन । धर्म केबल धर्म हुन्छ । हिन्दू, मुस्लिम, जैन, बौद्ध आदि धर्म होईनन् सम्प्रदाय हुन् । यी सम्प्रदायका भिन्न भिन्न समूहहरू हुन् । यी समूह जो एकै प्रकारको व्रत तथा उपवास गर्दछन्, कर्मकाण्ड गर्दछन् वा एउटै स्थानको तिर्थयात्रा गर्दछन् या एउटै प्रकारको दार्शनिक मान्यता मान्दछन् । प्रायः एउटै प्रकारको रहन सहन खान-पान, वेश-भूषा तथा एकै तरहको बिचार धारा छन् भने ती सम्प्रदाय हुन् ।

कुनै एक सम्प्रदायको सम्पूर्ण शर्त पूरा गर्ने ब्यक्ति हुन सक्छ ऊ धर्म शून्य छ अर्थात् धर्मको नामोनिसान छैन वा यो पनि हुन सक्छ कि ऊ धर्मवान छ । किनकि सम्प्रदाय संग धर्मको कुनै सम्बन्ध नै छैन । धर्मले त चित्तको गहराई सम्म शुद्ध गर्ने तरिका अववोध गराउँछ । ताकि शरीर तथा वाणीबाट कुनै यस्तो काम नहोस् जसबाट अन्य प्राणीको हानी हुन्छ या आफ्नो कारण उनीहरूलाई दुःख हुन्छ या उनीहरूको सुख-शान्ति भंग हुन्छ ।

हिन्दू धर्म हिन्दूहरूको हो, बौद्ध धर्म बौद्धहरूको हो । त्यस्तै जैन धर्म जैनहरूको र सिक्ख धर्म सिक्खहरूको, इस्लाम धर्म मुसलमानहरूको र इसाई धर्म इसाईहरूको हो । त्यस्तै पारसीहरूको र यहुदीहरूको हो । तर धर्म त सबैको हो । शील सदाचार पालन गर्नु सबैको धर्म हो । मनलाई वशमा राख्नु सबैको धर्म हो । मन निर्मल गर्नु सबैको धर्म हो, यही नै सही धर्म हो ।

कोही एक ब्यक्ति कुनै जात विशेष वा वर्णमा जन्मीनुको कारण गर्व एवं घमण्ड गर्दछ र स्वयं आफैलाई महान सम्झन्छ, अन्य जाति तथा वर्णमा जन्मिएका ब्यक्तिहरूलाई तुच्छ मान्दछ, उनीहरू प्रति घृणा गर्दछ र उनीहरूलाई अछुट मान्दछ भने त्यस्तो ब्यक्तिमा धर्म शून्य हुन्छ । यस्तो ब्यक्ति नितान्त अधार्मिक हुन्छ ।

यस्तै प्रकारले कुनै एक सम्प्रदायको सदस्य हुनुको कारण यदि कोही ब्यक्ति घमण्ड गर्नुका साथै आफुलाई महान थान्दछ र अन्य सम्प्रदायका ब्यक्तिहरूलाई तुच्छ थान्दछ र घृणा गर्दछ भने त्यो ब्यक्ति अधार्मिक हो । त्यसमा धर्म नामोनिसान हुँदैन ।

जस्ले धर्म राम्ररी बुझेको छ उस्ले कुनै जाति, वर्ण, सम्प्रदाय अथवा देश-प्रदेशको हुँदैमा ब्यक्ति उच्च या नीच हुँदैन भन्ने बुझेको हुन्छ । धर्म अनुसार नाप्ने हो भने जो शीलवान छ, जस्को समाहित चित्त छ, जो प्रज्ञावान छ, जस्को निर्मल चित्त छ, उही ब्यक्ति उच्च हुन्छ । नीच ब्यक्ति त्यो हो जो दुश्शील छ, दुश्चित छ, दश्प्रज्ञ छ । ऊ आफ्नो परिश्रम तथा पुरुषार्थ गरेर सुशील बन्न सक्दछ, समाहित चित्त बन्न सक्छ, सम्प्रज्ञ बन्न सक्छ, निर्मल चित्त बन्न सक्छ, सज्जन तथा सन्त बन्न

सक्दछ र यस प्रकार महान बन्ने शुअवसर प्राप्त गर्न सक्दछ। कुनैपनि जाति, वर्ण, गोत्र, सम्प्रदाय या कुनै देश यसबाट केही फरक पर्दैन। धर्म सबैको हो, सार्वजनीन छ, सार्वभौमिक छ। यसमा कुनै जाति, वर्ण र सम्प्रदायका ब्यक्तिहरूको एकाधिकार हुँदैन।

जातिपातिको भेदभावबाट धर्मको हानी हुन्छ। यसरी अधर्म फैलिन्छ र दुर्भावना फैलिन्छ। आपसमा शत्रुता बृद्धि हुन्छ। समाजको सुख-शान्ति नष्ट हुन्छ।

सम्प्रदाय-सम्प्रदाय बीचको भेदभावबाट धर्मको हानी हुन्छ, अधर्म फैलिन्छ र दुर्भावनाको बृद्धि हुन्छ। परस्पर वैरभाव बृद्धि हुन्छ र समाजको सुख-शान्ति नष्ट हुन्छ।

जातिपातिको भेदभावले विभाजन गर्दछ र आपसमा पर्खाल खडा गर्दछ।

धर्मले यी पर्खाललाई भट्काउँछ र एकता स्थापना गर्दछ।

सम्प्रदायले विभाजन गर्दछ त धर्मले त्यस विभाजनलाई तोड्दछ, भट्काउँदछ। धर्मले भेदभाव समाप्त गर्दछ।

जातिवाद र सम्प्रदावाद धर्मको ठूलो शत्रु हो। मनुष्य समाजको ठूलो दुश्मन हो।

जहाँ जातिवाद र सम्प्रदायवाद प्रवल तथा प्रमुख हुन्छ, त्यहाँ धर्म बृद्धि हुँदैन र मानिसहरूमा सुख शान्ति ब्याप्त हुन सक्दैन।

धर्म सबैको हो र धर्म जुनसुकै समय, जुनसुकै ठाउँ तथा सबैको लागि समानरूपले कल्याणकारी हुन्छ।

जसरी सूर्य सबैको हो। सबैलाई समान रूपले प्रकाश दिन्छ, समान रूपले न्यानो दिन्छ। जसरी हावा सबैको हो, नदी सबैको हो। कुनै जातिपाति तथा वर्ण र सम्प्रदायको भेदभाव हुँदैन। त्यसरी नै धर्म सबैको हो। यो सबैको हितैषी हो। यसलाई प्रत्येक ब्यक्तिले धारण गर्न सक्दछ र लाभान्वित हुन सक्दछ। स्त्री या पुरुष, ब्राह्मण या शूद्र, हिन्दू या मुसलमान, बौद्ध या जैन, सिक्ख या इसाई, भारती या नेपाली, इरानी या युनानी, चीनीया वा जापानी यसबाट केही फरक पर्दैन।

शील सदाचारको पालन सबैले गर्न सक्दछ। सबैले आफ्नो सामान्य स्वभाविक स्वासलाई जान्दा जान्दै आफ्नो मनलाई वशमा राख्न सक्दछ। सबैले आफ्नो चित्त तथा शरीरको सम्वेदनालाई जान्दा जान्दै विकार बिमुक्त हुन सक्दछ। सम्पूर्ण दुःखबाट विमुक्त भएर सुख-शान्तिको अनुभव गर्न सक्दछ। चित्तलाई नितान्त निर्मल तथा निर्विकार गरेर सदाको लागि सर्वथा विमुक्त हुन सक्दछ। यस्मा कुनै भेदभाव छैन।

प्रत्येक बुद्धिमान ब्यक्ति यस भनाईलाई सहज रुपले बुझ्दछ कि मनुष्य एक सामाजिक प्राणी हो, उसलाई समाजमा रहनु पर्दछ। त्यसर्थ समाजको सुख-शान्तिदायनी ब्यवस्था भंग हुने कुनै पनि कार्य गर्नु हुँदैन। यदि समाजको सुख-शान्ति भंग हुन्छ भने उस्लाई मात्र सुख-शान्ति कहाँबाट प्राप्त हुन्छ र ? उस्ले यो पनि बुझ्दछ कि अन्य ब्यक्तिले गरेको काम आफूलाई मन पर्दैन भने आफुले पनि त्यस्तो काम गर्नु हुँदैन। किनकि उस्लाई पनि ती काम राम्रो नलाग्न सक्दछ।

यी दुबै भनाईलाई बुझेर उस्ले शरीर तथा वाणीबाट यस्तो कुनै काम गर्दैन जुन कामबाट अन्य प्राणीहरूको सुख-शान्ति भंग हुन्छ, अन्य प्राणीको अहित हुन्छ, अमंगल हुन्छ अन्यलाई दुःख हुन्छ। उदाहरणको लागि- शरीर द्वारा कसैको हत्या गर्दैन। चोरी गर्दैन। ब्यभिचार गर्दैन। झुठो बोल्दैन, परनिंदा, चुगली, बेकामका कुरा गर्दैन। नशाको सेवन गर्दैन। उसले राम्ररी बुझ्दछ कि नशा अम्लको सेवनले आफु नशाको गुलाम बन्दछ र शरीर तथा वाणीबाट हुने दुष्कर्मबाट बच्न कठिन हुन्छ। प्रायः असंभव नै हुन्छ।

ज्ञानी ब्यक्ति जब अन्तरमुखी भएर धर्म दर्शन गर्दछ अर्थात् प्रकृतिको नियम कानुनलाई स्व-अनुभूति द्वारा बुझ्दछ तब उस्लाई सम्पूर्ण कुरा स्पष्ट हुन्छ कि कुनै पनि शारीरिक या वाचिक दुष्कर्म गर्नु भन्दा पहिला आफ्नो मनमा कुनै न कुनै प्रकारको बिकार उत्पन्न गर्नु पर्दछ र प्रत्येक बिकारले उस्लाई चिन्तित बनाउँछ। प्रकृतिको सजाँय भोग्नु पर्ने हुन्छ। यसरी शारीरिक तथा वाचिक दुष्कर्मबाट अलग रहेर समाजका अन्य ब्यक्तिहरूको उद्धार गरिरहेको नभएर आफ्नै भलो गरिरहेछु भन्ने बुझ्दछ। स्वयंलाई प्रकृति सजाँय भोग्नबाट बचाइरहेको हुन्छ।

यस्तो ब्यक्ति अत्यन्त निष्ठापूर्वक दुराचारबाट अलग रहेको हुन्छ। जसले शील सदाचार पालन गर्दछ। यस्को लागि आफ्नो मन वशमा राख्न, मनलाई निर्मल

बनाउन, राग विमुक्त, द्वेष विमुक्त गर्ने उचित प्रयास गर्दछ ।

यस्तो व्यक्तिले आफ्नो भलो गर्दछ र अन्यको उद्धार हुने कार्यमा पनि ऊ उत्तिकै सहायक बन्दछ । यस्तो व्यक्ति आफ्नो मंगल गर्नुको साथै अन्यको मंगल हुने कार्यमा समेत सहायक बन्दछ ।

यस्तो व्यक्ति सन्त हो, सज्जन हो । यस्तो व्यक्ति नै साँच्चै धार्मिक हो । बौद्ध, इसाई, जैन, मुस्लिम आदि जे भएता पनि धार्मिक नै हो साँच्चैको धार्मिक व्यक्ति कुनै सम्प्रदाय भित्र बाँधेर बाँधिदैन ऊ सम्प्रदायिक बन्धनबाट मुक्त हुन्छ ।

कोही व्यक्ति बुद्ध हुन्छ त उस्ले यस्तै धर्म सिकाउँछ ।

आऊ, साधकहरू ! यस्तै धार्मिक बनौं र आफ्नो कल्याण गरौं ।

*साभार- 'विपश्यना' बुद्ध वर्ष २५६७*
*वि.सं. २०८० चैत्र, वर्ष ४०, अङ्क १२*

## पुण्य बियाः मांया ऋण पुलाच्वना



✍ **प्रेमलक्ष्मी तुलाधर, ङत**

न्हिथं चतुर्ब्रह्म गुणं जाःम्ह जि मांयात
दुबले फुथें सेवा याय्खं जि मांयात

लुमं मामं धाइगु, तोतावनेमते जितः गननं
ख्वय् वई यो पुता जितः छ वनीबले गननं

जि छ्यैं लिमथ्यंतले पियाः स्वयाच्वनी तुंक लुखाय्
मैंया धकाः सःताच्वनीम्ह मांयासः थ्वयाच्वन न्हाय्पनय्

आः गन वनाः न्योंवने मांयां मैत्री जाःगु व सः ?
हानं छकः न्यनेगु इच्छा जुयाच्वन मांया व सः ।

मां दत्तले जिगु शरीरं हे सेवा याय्गु मौका दनि
शरीर हे तोता वंम्ह मांया मन ला दनि

मांया व मनयात जिगु मनं लुमंकाच्वना
पुण्य रूपी शक्ति बियाः मांयात ऋण पुलाच्वना

## सफूया गुण



✍ **नातीकाजी महर्जन**
*पूच्व यल*

परियत्ति किताब हेः ज्ञानया ढुकू जुई
मने दनावःगु अज्ञान चीकेवं ढुक्क जुइ
गुबले व किताब ब्वनाः ज्ञान थुई
उबले न्हुः न्हूगु ज्ञान गुण मने लुई

मनया परिस्थिति स्वभावं हिला च्वनी
ज्ञानया ढुकू चायक्यवं अज्ञान चिलावनी
किताबया पाना पुइक्यवं अमूल्य धर्म लुयावई
पाना पुइकाः ब्वनेवं धर्मया रस थुयावई

गुलि किताब ज्ञान दुः सिद्धान्तया
गुलि किताब बुद्ध जीवनीया
झीसं ब्वनाः किताब ल्यतुःल्यया
किताब पाना दुने अमूल्य ज्ञान कया

दर्शनिय किताब व जग तया
धर्मया रस त्वनेः खनी सकसिया
फुक्क समाजयात ल्वःगु ज्ञानया जगः
सकसिया जीवने ब्वय, दई धर्मया ध्वजः

किताब ब्वनेगु खःसा ल्यया त्रिपिटक
दयेक्यगु स्व थःके यथार्थ ज्ञान जक
ब्वनाः थुइकागु अभ्यास सार जुक्क
जीवने दई सभ्य मनस्थिति भिंक्यत जक

भिंगु मन हे गति ग्यनीगु
ग्यंगु गतिं हे सुगति प्राप्त जुइ





भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

*भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## २०. उद्देश्य पथमा

*लेखक-* **वर्मी भिक्षु र वे थ्वं महास्थविर**

*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

मोलमिन, बर्माको तृतीय प्रमुख शहर हो। यो शहर बर्माको तनिङ्गसारी प्रदेशस्थित च्याइखसी जिल्लामा पर्दछ। यो शहर एउटा बन्दरगाहको रूपमा रहेकाले अति नै सम्वृद्ध छ। एउटा विकसित शहरमा हुनु पर्ने भौतिक उन्नतिका सम्पूर्ण प्रकरणहरू यहाँ उपलब्ध छन्। तरपनि यस शहरको मूल विशेषता भौतिक उन्नति नभनिकन लोकोत्तर धार्मिक समृद्धि भन्नु नै बढी उपयुक्त हुनेछ। यस शहरको शिरमा नागवीस पर्वत माला र पैरमा विशाल नदी ताल्वींले उर्वरा दिएको उन्नत मैदान छ। नागवीस पर्वत श्रृङ्खलामा अनेक चैत्यहरूका साथै थुप्रै बुद्धविहारहरू अवस्थित गरिएका छन्। यस पर्वत सृङ्खलाको एकातिर रश्मि समान सुनौला चमकयुक्त च्याँइतल्लान चैत्य छ र अर्कोतिर महाभ्यात् नामको बुद्धमूर्ति स्थापना गरिएको गन्धकुटी प्रासाद विहार छ। उक्त विहार नजिकै ठूलासाना अनेक चैत्यहरू लहरै स्थापना गरिएका छन्। ती चैत्यहरू मध्ये ऊ जिन नामको एउटा जिनमा आउँ चैत्य छ। उक्त चैत्य पनि नागवीस पर्वत श्रृङ्खलाको अर्को छेउ स्थित च्याँइतल्लान चैत्य सरह नै शोभायमान छ। नागवीस पर्वतमाला दर्शनीय मात्र होइन आदरणीय पनि छ। किनभने त्यहाँ दर्शनीय चैत्यहरू र विहारहरूका अलावा विशुद्ध बुद्ध वचनको रूपमा सङ्कलित त्रिपिटक सम्बन्धी उच्चस्तरिय शिक्षा प्रदान गर्ने धेरै महाविद्यालयहरू पनि छन्।

च्याँइतल्लान चैत्यदेखि धेरै टाढा नपर्ने एउटा टाकुरोमा खेमाराम नामको एउटा शीलवती विहार छ। त्यस विहारमा शीलवतीहरूलाई पनि भिक्षुहरूलाई सरह त्रिपिटक सम्बन्धी उच्च शिक्षा दिलाइदिने व्यवस्था छ। त्यस विहारका शीलवतीहरू उच्च शिक्षाको परीक्षामा उल्लेखनीय सफलता हासिल गर्नमा समर्थ हुनुका साथै प्रशंसनीय रूपमा चरित्रवान पनि छन्। त्यसैले खेमाराम विहारको कीर्ति दिन प्रतिदिन बढ्दो छ।

खेमाराम विहारको कीर्ति बढाउनमा त्यस विहारको विहाराधिपति दो पञ्ञाचारीको योगदान विशेष उल्लेखनीय छ। उहाँ आफ्ना शिक्षार्थीहरूलाई त्रिपिटक सम्बन्धी उच्च शिक्षा हासिल गर्न समर्थ बनाउनुका साथै चरित्रवान पनि बनाउनुमा अथक मेहनत गर्नुहुन्छ।

गुरूआमा दो पञ्ञाचारीका अनेक शिक्षार्थीहरू मध्ये एक जना विशेष रूपले उल्लेखनीय शिक्षर्थीले २३ सेप्टेम्बर १९५२ मा अर्थात् २००९ साल असोज ८ गतेका दिन खेमाराम विहारमा प्रवेश पाएकी थिइन्। त्यस विहारमा प्रवेश पाएको मितिले एक वर्ष भित्रै त्यस शिक्षार्थीले सद्धम्मपाल परीक्षामा प्रथम श्रेणीमा प्रथम भएर आफ्नो प्रतिभा प्रदर्शन गरेकी थिइन्। त्यसपछि उनले क्रमश: १९५४ मा अभिधम्म तेश्रो कक्षामा, १९५५ मा सरकारी प्रथम कक्षामा, १९५६ मा सरकारी द्वितीय कक्षामा, १९५७ मा सुसमाचार प्रथम कक्षामा र १९५८ मा सरकारी तृतीय कक्षामा सफलता पाएकी थिइन्। उनले यसरी प्रशंसनीय रूपमा लगातार सफलता पाउँदै गएकीले उनलाई भेट्न र उनको शिक्षाध्ययनमा सक्दो प्रकारले आर्थिक सहयोग पुऱ्याउने इच्छाले खेमाराम विहारमा आउने दायक–दायिकाहरूको संख्या दिन प्रतिदिन बढ्दै गयो। उनी पालि साहित्यको सर्वोच्च शिक्षा शासनधज धम्माचरिय परीक्षा दिने तयारीमा लागिरहेको बेला उनलाई भेट्न एक दिन धार्मिक मन्त्रालयका केही अधिकृतहरू खेमाराम विहारमा आए। ती अधिकृतहरू आउनाको कारण उनको चाहना अनुसार उनलाई केही

दिनको छुट्टीमा कतै पठाउने व्यवस्था मिलाउनु थियो ।

बुद्ध–धर्मको शिक्षाध्ययनमा प्रशंसनीय सफलता हासिल गर्नमा समर्थ माथि उल्लेखित शीलवती अरू कोही नभई त्रिपिटक सम्बन्धी उच्च शिक्षा पाउने उत्कृष्ट अभिलाषा लिएर अनेक दु:खकष्ट झेलेर शाक्यमुनि तथागतको जम्भभूमि नेपालबाट बर्मा आएकी शीलवती धम्मवती नै थिइन् ।

राहदानी र भिसा सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने सन्दर्भमा करिव छ महिनासम्म महालेखापरिक्षक ऊ सांल्वींको अतिथि भएर धम्मवती रंगूनमा बसेकी थिइन् । त्यस अवधिभरमा उनले बर्मी भाषा राम्ररी बोल्न र लेख्न सिकेकी थिइन् । त्यसपछि स्थविर धम्मावुधको सिफारिसमा उनी मोलमिनस्थित खेमाराम शीलवती विहारमा प्रवेश भएकी थिइन् । गुरूआमा दो पञ्ञाचारीको विशेष प्रशिक्षण र धम्मवती आफैको लगनशीलताको समन्वयको परिणाम स्वरूप धम्मवतीले माथि उल्लेखित सफलता हासिल गरेकी थिइन् । तर यसरी सफलताको खुड्किलाहरू उक्लँदै गइरहेकी धम्मवतीलाई उनका बुबा-आमाले एकपल्ट केही दिनको छुट्टी लिएर भएपनि स्वदेश फर्कन ज्यादै कर गरेका थिए । आठ वर्षको लामो अन्तरालपछि धम्मवतीको मनमा पनि एक पटक आफ्नो स्वदेशमा फर्केर गएर आफ्ना आमा-बुबा तथा अरू ज्ञाति-बन्धुहरूलाई आफूले पढेको अमृतमय बुद्ध–वचनको रसास्वादन गराउने इच्छा प्रवल भएको थियो । त्यसैले उनले बुद्धशासन परिषदसँग केही महिना बिदामा स्वदेश फर्कन पाउने अनुमति मागिपठाएकी थिइन् । उनको सो इच्छा थाहा पाएर उनलाई बिदाको स्वीकृति दिनुको अलावा स्वदेश फर्कन आवश्यक हवाइ यातायाताको व्यवस्था पनि मिलाइदिने सम्बन्धमा आवश्यक छलफल गर्न भनेर धार्मिक मन्त्रालयले उपरोक्त अधिकृतहरू खटाइ पठाएको थियो । अधिकृतहरूबाट उक्त कुरो थाहा पाइसकेपछि विहाराधिपति दो पञ्ञाचारीले धम्मवतीलाई ती अधिकृतहरू भेट्न बोलाइन् । अधिकृतहरू कुन विषय आफूसँग कुरा गर्न आएका भन्ने कुरो चालपाएपछि धम्मवतीले उक्त सम्बन्धमा यसरी भनिन्– "मैले केही महिना छुट्टी पाएर आफ्नै खर्चमा स्वदेश फर्कन चाहेकोमा तपाईंहरूले आउने जाने आर्थिक भार समेत बोकिदिनु भएकोमा म तपाईंहरू सबैप्रति आभारी छु । कुन दिनको हवाइ टिकट व्यवस्था गर्ने भन्ने सम्बन्धमा गुरूआमा दो पञ्ञाचारीज्यूले नै आज्ञा हुने आशा गर्दछु ।"

धम्मवतीको विनम्रताबाट गुरूआमा दो पञ्ञाचारी खुशी भइन् । उक्त सम्बन्धमा आफैले निर्णय दिन उनले अधिकृतहरूसित यसरी प्रश्न गरिन्– "विदेश यात्रा सम्बन्धी स्वास्थ्य प्रमाण (पहेँलो पुस्तिका), राहदानी, भिसा आदि मिलाउन कति समय लाग्ने हुन्छ ?"

"मानिपोको पासपोर्ट र भिसा सम्बन्धमा थप काम गरिरहने आवश्यकता छैन । सबै तयार अवस्थामा छन् । पहेँलो पुस्तिका बनाउन र होटेल रिजर्भेसन आदि मिलाउन हप्तादिन जति लाग्ने छ ।"

"त्यसो भए आउँदो शुक्लपक्षमा स्वदेशमा पुग्ने हिसाबले पर्सीतिर नै यहाँबाट रंगून जाने व्यवस्था गर्नु उचित होला । तिम्रो के विचार छ, मानिपो ?"

धम्मवती, बर्मामा आफ्नो स्वनामले भन्दा बढी मानिपो अर्थात् एउटी नेपाली केटीको रूपमा बढी परिचित भएकी थिइन् ।

सबै उनलाई नाउँ किटेर होइन मानिपो (नेपाली केटी) भनेर बोलाउँदथे ।

"मेरो लागि गुरूआमाको आज्ञा शिरोधार्य छ ।" – बर्मामा मानिपो, नेपालमा धम्मवती भनिने शीलवतीले गुरूआमाको निर्णय सहर्ष स्वीकार गरिन् ।

धम्मवतीको स्वदेश भ्रमण सम्बन्धी सबै कुरो धम्मवतीको स्वीकृतिमा गुरूआमा दो पञ्ञाचारीद्वारा तय गरिएपछि सोही अनुसारको व्यवस्था मिलाई जानकारी दिने गरी अधिकृतहरू फर्केर गए । अधिकृतहरू फर्केपछि गुरू आमाको आज्ञा लिएर धम्मवती पनि आफ्नो कक्षतिर लागिन् । यसरी आफ्नो कक्षतिर गएकी धम्मवतीको मन आफ्नो मातृभूमिको मीठो कल्पनामा चुर्लुम्म डुबिसकेको थियो ।

*क्रमश: अर्को अङ्कमा ...*





# दीघनिकायका सूत्रहरूको विश्लेषण

✍ **कुसलज्ञाणी गुरुमां**
*रत्न विपश्यना विहार*

१. पृष्ठभूमि :

चार असंख्य एक लाख कल्पसम्म सर्वज्ञ बुद्ध हुने मूल उद्देश्य सहित पारमिता धर्म पूर्ण गर्नु भई बोधिसत्व सिद्धार्थ कुमारले दु:ख र दु:ख मुक्ति मार्गको खोजी गर्न राजकीय जीवनलाई त्यागी महाभिनिष्क्रमण गर्नु भयो । जीवन के हो ? जीवनमा सुख, शान्ति कसरी प्राप्त गर्ने ? संसारको वास्तविकता के हो ? यी सबै विस्तारै बोध गर्नु भयो । चतुरार्य सत्य देखि प्रतित्यसमुत्पाद (कारण कार्य सिद्धान्त) को बोध भयो र बुद्धत्व ज्ञान (बोधि ज्ञान) साक्षात्कार गरी बोधिसत्व बुद्ध हुनु भयो । उहाँले ब्रह्मा, देव, मनुष्यहरूको हित सुखको निम्ति ४५ वर्षसम्म निरन्तर रूपले जीवन उपयोगी धर्म-दर्शन सद्धर्म रूपी उपदेश प्रचार प्रसार गर्नु भई ८० वर्षको उमेरमा महापरिनिर्वाण हुनु भयो ।

बुद्ध महापरिनिर्वाण हुनु भई ७ दिन नै नबित्दै भिक्षु सुभद्रले आफ्नो खुशी प्रकट गरी 'आयुष्मानहरू ! शोक नगर, विलाप नगर हामी अब उहाँ महाश्रमण (बुद्ध) बाट साँच्चै मुक्त भयौं । उहाँले हामीलाई सधैं यो गर्नु हुँदैन, यो गर्नु हुन्छ, यस्तो गर्नुपर्छ, त्यस्तो गर्नुपर्छ भनी पीडित गर्नु हुन्छ अब हामी के-के गर्न मन लाग्छ, त्यहीत्यही गर्ने र के-के गर्न मन लाग्दैन त्यो नगर्ने ।' (महापरिनिर्वाण सूत्र) भन्दा उसलाई समर्थन साथ दिने भिक्षुहरू पनि देखियो । यस्तो दृष्टि, सोच, धारणा देखेर महाश्रावक महाकाश्यप महास्थविरले आयुष्मान् भनी सम्बोधन गरी हामी साम‍ु अधर्म धेरै ब्याप्त भई धर्म अल्प वा कम भई गई रहेको छ । अविनय धेरै भई विनय कम भई गईरहेको छ। आऊ आयुष्मान्हरू ! हामी धर्म र विनयको संगायना गरौं भनी आह्वान गर्नु भयो ।

बुद्धको महापरिनिर्वाण भएको तीन महिना बितिसकेपछि धर्म र विनयलाई भविष्यमा चिरस्थायी गर्न पाँच सय जना अरहन्त् भिक्षुहरूको प्रथम संगयना वा संगीति राजगृहमा गरियो र सय वर्ष पछि वैशालीमा दोस्रो संगायना भयो र बुद्ध परिनिर्वाणको २३६ वर्षपछि सम्राट अशोकको पालामा तृतीय संगायना पाटलीपुत्र (पटना) मा भएको थियो । पछि प्रथम शताब्दीमा श्रीलंकाका राजावट्टगामिनी अभयको पालामा चतुर्थ संगायना भयो । यही संगायनामा त्रिपिटकलाई लिपिवद्ध गरिएको थियो । पाँचौं संगायनाको रूपमा त्रिपिटक केवल सम्पादन र पाठ संशोधन ई.सं. १८७१मा म्यानमारका राजा मिण्डनको पालामा भएको थियो । यसै संगायनामा ७२९ वटा ढुंगामा त्रिपिटक लिपिवद्ध गरी संग्रह गरिएको थियो । छैठौं संगायना ई.सं. १९५४-५६ मा म्यानमारमा नै भएको थियो ।

**परिचय :**

तिपिटक अर्थात् त्रिपिटक बौद्ध जगतमा सर्वाधिक प्रमाणिक र आधार ग्रन्थको रूपमा लिई राखेको छ। 'पिटक' बुद्ध भाषा वा पालि (मागधी) भाषाको शब्दहो। पिटक भन्नाले थैली अथवा भाँडो भन्ने बुझिन्छ । मज्झिम निकायको सन्दकसुत्त र चंकीसुत्तको 'पिटक सम्पदाय' शब्दले धार्मिक वाङ्मयलाई इंगित गर्दछ। त्रिपिटक अन्तर्गत तीन वटा पिटकहरू सुत्तपिटक, विनयपिटक, अभिधम्मपिटक पर्दछन् । सुत्तपिटकलाई वोहार देसना पनि भनिन्छ । यहाँ 'सुत्त' भनेको धागो र सूचनाको बाहुल्यता रहेको माला जस्तै गाँसी राखेको अर्थ भनी बुझ्नु सक्छौं । र विनयपिटकलाई आणा देसना (आज्ञा, विधान, निर्देशन) पनि भनिन्छ । त्यस्तै अभिधम्मपिटकलाई परमत्थ देसना भनिन्छ, जसमा सूक्ष्म सत्य, उत्कृष्ट सीमा, मुक्ति, निर्वाणको व्याख्यान पाईन्छ । त्रिपिटकमा भगवान् बुद्धले देशनागर्नु भएको ८४ हजार धर्मस्कन्धमा ८२ हजार धर्मस्कन्ध भगवान् बुद्ध स्वयम्बाट र बाँकी २ हजार धर्मस्कन्ध भगवान् बुद्धका श्रावक शिष्यबाट उपदेशित धर्म जुन भगवान् बुद्धले स्वीकार गर्नु भएको धर्मलाई संग्रह गरी राखेका छन् ।

सुत्तपिटकमा पाँच निकाय(संग्रह, संयोजन, श्रेणीवद्ध समूह) छन् । ती हुन् –

१. दीघनिकाय (लामो लामो उपदेशहरूको संग्रह)

२. मज्झिमनिकाय (मध्यम उपदेशहरूको संग्रह)

३. संयुत्तनिकाय (सानो ठूलो मिलाई राखेको उपदेशको संग्रह)

४. अंगुत्तरनिकाय (अंकअनुसार धर्म उपदेशको संग्रह)

५. खुद्दकनिकाय (स-साना उपदेशहरूको संग्रह)

दीघनिकायलाई तीनवटा वर्गमा विभाजन गरिराखेको छ – क) सीलक्खन्धवग्ग ख) महावग्ग ग) पाथिकवग्ग । पहिलो सीलक्खन्धवग्ग (शीलस्कन्धवर्ग) मा मुख्यतया शील, समाधि र प्रज्ञासित सम्बन्धीत १३ वटा सूत्रहरू समावेश भएका छन् । र दोस्रो महावग्ग (महावर्ग) का सूत्रहरू अन्यको तुलनामा धेरै लामा छन् । जसमा १० वटा सूत्रको व्याख्या गरिएको पाईन्छ र अर्को तेस्रो वर्ग जुन वर्गको पहिलो सूत्र पाथिकसुत्तबाट शुरु भएको हुनाले पाथिकवर्ग भनिएको हो । जसमा ११ वटा सूत्रहरू समावेश भएका छन् । यसरी जम्मा ३४ सूत्रहरू दीघनिकाय अन्तर्गत पर्दछन् ।

**सूत्रहरूको विश्लेषण :**

**क) सीलक्खन्धवग्ग**

**१. ब्रह्मजाल सुत्त :**

शीलस्कन्धवर्गको पहिलो सूत्र ब्रह्मजाल सूत्र हो । यो सूत्र दीघनिकायको सर्वाधिक महत्वपूर्ण सूत्रको रूपमा लिइन्छ । भगवान् बुद्ध र उहाँको श्रावक शिष्यहरू राजगृह र नालान्दाको बीचको राजपथमाजानु हुँदा सुप्पिय परिव्राजक र उसको शिष्य ब्रह्मदत्त बीच भएको मतभेदबाट शुरुवात गरिएको छ । सुप्पिय परिव्राजक र ब्रह्मदत्त बीच मतभेद हुनु कारण बुद्ध, धर्म र संघलाई निन्दा, उपहास तथा ब्रह्मदत्तबाट त्रिरत्नको प्रशंसा गर्नु रहेको छ । बुद्धले भिक्षुसंघ बीच पनि यस्तो टिका टिप्पणी हुँदा भिक्षुसंघलाई बुझाउन भगवान् बुद्धले वा यदि अरूले बुद्ध र बुद्धद्वारा देशित धर्म र संघलाई निन्दा गर्दा असन्तोषी भई कोधित नहुनु, त्यस्तै प्रशंसा गर्दा हर्षित नहुनु भनी आज्ञा भई बरु त्यसको कारण, सत्य-असत्य छानबीन गरी अगाडि बढ्न केन्द्रित गर्न ध्यान दिई राखेको छ । त्यसैले यस समयमा बुद्धले चुलशील, मध्यमशील र महाशीलको बारेमा चर्चा गरेको पाईन्छ । जसमा शरीर र वचनलाई संयम गर्न त्यागनु पर्ने जीवहिंसा, चोरी, ब्यभिचार, झुठा वचन, चुग्ली, कडा वचन, लागु पदार्थ सेवन र उच्च आसन सेवन आदि पर्दछन् ।

त्यसपछि त्यसैबेलाका ६२ प्रकारका दार्शनिक मत सिद्धान्तको विवेचना र यसका असारता एवं व्यर्थताबारे प्रकाश पार्दै दुई प्रकारका मतालम्बीहरूको बारेमा व्याख्या गरिएको छ ।

क) पूर्वान्तकल्पिक वा जुन बितिसकेको कुरालाई आधार गरी निष्कर्षमा पुगी बनाएका सिद्धान्त जसमा १८ वटा धारणाहरूलाई ५ मूल मतमा समावेश गरिराखेको छ ।

ख) अपरान्तकल्पिक वा पछि भविष्यमा हुने कुरालाई कल्पना गरी बनाएको मत (जुन ४४ वटा धारणालाई ५ वटा मतमा सिमित गरीराखेको छ ।

**क) पूर्वान्तकल्पिक मत सिद्धान्त :**

१. शाश्वतवाद (आत्मा अमर हो भन्ने ४ शाश्वतवादीहरू)

२. नित्यता-अनित्यतावाद (ईश्वर अमर हो, हामी मात्र नाशवान् भन्ने ५ आंशिक शाश्वतवादी)

३. अन्त-अनन्तवाद (लोक वा संसारको विषयमा कल्पना गरेका ४ वादीहरू)

४. अमराविक्षेपवाद (के हो ? कुन हो ? भन्ने कुराको अन्यौल भई कुनै निश्चित रूपमा सिद्धान्त थाहा नभएका ४ वादीहरू)

५. अकारणवाद (आत्मा र लोकबिना कारण नै उत्पन्न भएर आएको भन्ने मान्ने २ प्रकारका मतवादी) त्यस्तै,

**ख) अपरान्तकल्पिक मत सिद्धान्त**

१. उद्धमाघातनिका संज्ञावाद (मरणान्तरपछि पनि आत्मा संज्ञा रहीत्यहाँ छ भन्ने १६ प्रकारका मत)

२. उद्धमाघातनिका असंज्ञावाद (मृत्यु पछि आत्मा असंज्ञा हुन्छ भन्दै ८ प्रकारका वादीहरू)

३. उ. नैवसंज्ञानासंज्ञावाद (मरेपछि आत्माभन्ने न संज्ञा हुन्छ  न असंज्ञा हुन्छ भन्ने ८ प्रकारका उ. नैवसंज्ञानासंज्ञावादीहरू)

४. उच्छेदवाद (मृत्यु पछि आत्मा पूर्ण रूपमाखत्तम हुन्छ भन्ने ७प्रकारका नास्तिकवादीहरू)

५. दृष्ट-धर्म निर्वाणवाद (यसै जन्ममानिर्वाण प्राप्त हुन्छ भन्ने विश्वास गर्ने ५ निर्वाणवादीहरू)

*(क्रमशः अर्को अङ्कमा)*



# बौद्ध-ऋषि महाप्रज्ञा

✍ **रत्नसुन्दर शाक्य** *'परियत्ति सद्धम्म पालक'*

आधुनिक युगमा, नेपालमा स्थविरवाद बुद्ध-धर्म प्रचार-प्रसार (पुनरूत्थान) गर्नेहरूमा महाप्रज्ञा गुरु प्रमुख व्यक्ति हुनुहुन्छ ।

वहाँको जन्म वि. सं. १९५८ (सन् १९०१) सालको जेष्ठ शुक्ल द्वितीयाको दिन कान्तिपुर (काठमाडौं) को न्हूघल टोलमा भएको थियो । पिता कुलनारायण नाय्जू र माता हीरामाया नाय्जूद्वारा बालकको नाम "नानिकाजी" राखियो ।

वहाँहरूको घरको आसपास रामचन्द्रको एक मन्दिर छ, जहाँ पुजारीको रूपमा एक ब्राह्मण रहन्थ्यो । त्यही ब्राह्मणद्वारा नानिकाजीलाई अक्षराम्भ गराइएको थियो । पछि आएर नानिकाजीको सङ्गत गाईजात्राको समयमा नचाइने नाच गान तयार गर्ने मित्रहरूसित हुन गयो ।

यसरी नानिकाजी १३ वर्षको उमेरदेखि भजन, नृत्य, सङ्गीत र वाद्यवादन आदिमा दक्षता हासिल गर्दै जानुभएको थियो । वहाँको योग्यतालाई उपयुक्त ठानी वि. सं. १९७७ सालमा एक हितैषीले वहाँलाई नारायणहिटी राजदरवारमा त्यस विषयमा भइरहेको तालिममा भर्ना गरिदिए, जसमा सफलता पाउनु भएपछि वहाँलाई तालिम दिनुभएका वेदविक्रम कर्णेलले राजा श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव (वि. सं. १९६१-२०११) का हजुरिमा मनोरञ्जन गराउने व्यक्तिको रूपमा राखिदिए । अतः नानिकाजी, पछि वहाँले आफ्नो नाम प्रेमबहादुर श्रेष्ठ राख्नुभएको थियो । वहाँ श्री ५ त्रिभुवनका परिचित व्यक्तिमा रहनुभयो ।

वि. सं. १९८० मा प्रेमबहादुर श्रेष्ठले राजदरवारको जागिरी-जीवन छोडी, आफ्नै टोलमा "एकादशीको महात्म्य" सम्बन्धी एउटा खेल तयार गर्नमा लागे । नारायणहिटी राजदरवारमा नगएको कारण वेदविक्रम कर्णेलले पुलिसहरू पठाई खोजखबर गराएका थिए । ती पुलिसहरूले भेट्टाउन नसकेको कारण मात्र बचेको थियो नत्र वहाँ जस्तै जागिर छोडेका तुलसी मानन्धरले जस्तै पटक-पटक गरी वेदविक्रम कर्णेलको कोर्दा खानु पर्नेवाला थियो ।

साहसको कुरा हो, वहाँले वि. सं. १९८० र १९८१ दुई वर्षमै दुईवटा पर्दावाला खेल (नाटक) तयार गरी नारायणहिटी भित्रै देखाई उम्कन सफल हुनुभएको थियो । नारायणहिटीमा देखाउनुपर्नाका खास कारण खेल तयार गर्नमा लागेको खर्च (रकम) थियो, जुन श्री ५ त्रिभुवनबाट रू. २००/- बक्सिस पाएपछि व्यहोरिन्थ्यो । पहिलो साल (वि. सं. १९८०) मा भरिया पोशाक लगाई वेद विक्रम कर्णेलको हातबाट उम्कन सफल हुनु भएको थियो भने दोस्रो वर्ष (वि. सं. १९८१) आफ्नो आँखा टेढो (डेढो) गरी सफल हुनु भयो साथै नामबाट पनि मद्दत मिलेको थियो, कारण वहाँले वेद विक्रम कर्णेलकहाँ आफ्नो नाम प्रेमबहादुर श्रेष्ठ लेखिराखेको थियो । एक-एक गरी जाँच गरिएको बेला वहाँको नाम सोद्धा वहाँका मित्रहरूले "नानिकाजी" भनिदिए । अतः आँखा र नाम नमिलेकोले वहाँलाई छाडिदिएको थियो । यसरी दुई सालमै वेद विक्रम कर्णेलको पञ्जाबाट उम्कन वहाँ सफल हुनुभएको थियो ।

प्रेमबहादुर श्रेष्ठको यस किसिम (नाच-गान आदिमा मात्र लागिरहनु) को क्रियाकलापबाट वाक्क लागी माता पिताले वहाँलाई परदेशतिर घुमेर आउने सल्लाह दिनुभयो । कहिल्यै उपत्यका बाहिर नगएका वहाँलाई उपत्यका बाहिर पठाउन थानकोटसम्म पिताले नै छोड्न जानु भएको थियो र भन्नुभएको थियो – "यहाँबाट ४ दिन गएपछि तिमी रक्सौल पुग्नेछौ । रक्सौलमा रेलबाट तिमीलाई जहाँ जाने इच्छा छ, त्यहाँ जान सकिन्छ ।"

पिताको कुरालाई मनन गर्दै प्रेमबहादुर हेटौंडाको

बाटो हुँदै हिँड्दै हुनुहुन्थ्यो । बाटोमा वहाँले टेबहालका एक परिचित व्यक्तिलाई भेटी सोध्नुभयो –

तपाईं कहाँ जानुहुन्छ ? उसले जवाफ दियो – धरानमा मेरो छोरा छ, त्यहीँ जाने । अलपत्र (निरूदेश्य) मा हिँडिरहेको प्रेमबहादुर श्रेष्ठलाई त्यस परिचित व्यक्तिले धरानमा साथै लग्यो । त्यहाँ प्रेमबहादुरले टोपीको व्यापारको काम शुरु गर्नुभयो तर केही महिनापछि नै गाइजात्राको समय नजिक आएको याद आई त्यसबाट आफू विचलित भएको कारण असह्य भई अन्य एक परिचित बन्धुकी पत्नीसित आधा माना रक्सी लिई, पिई बेसुरमा तरी नामक जङ्गलतर्फ आउँदै गरे । जाँदाजाँदै दिन बित्यो, रक्सीको सुर पनि घट्यो, बाटैमा पुनः नेपाल (कान्तिपुर) आउने व्यक्तिहरूसित भेटघाट भयो र केही दिनमै काठमाडौं आइपुग्नुभयो ।

वहाँ काठमाडौं आइपुग्नुभएको केही दिनपछि एक दिन वहाँका एक मित्र दाल्चिनी मानन्धरले वहाँलाई आफ्नो पसलमा बोलाई भन्नुभयो – "मित्र ! हाम्रो देशमा जहाँतहीँ राम, कृष्ण, हरि, हर (महादेव) आदि देवताहरूको मात्र भजन गान हुन्छ, हामीहरूको बुद्ध भगवानको भजन गाउने कहीँ कतै देखिंदैन । तपाईं गीत, भजन आदि तयार गर्न सक्नुहुन्छ । अतः बुद्ध भगवान्‌को पनि एक दुइटा भजन तयार गरिदिनोस् ।" त्यति भनी त्यस मानन्धर मित्रले पं. निष्ठानन्द बज्राचार्य (ने. सं. ९७८-१०५५) ले लेख्नुभएको "ललितविस्तर" नामक बुद्ध जीवनीको ग्रन्थ एउटा दिनुभयो ।

त्यस ग्रन्थको पूर्ण अध्ययन मनन गरिसकेपछि प्रेमबहादुर श्रेष्ठले एक दुई वटा गर्दै एउटा भजनमाला नै तयार गर्नुभयो ।

त्यसैताका (फागुन, वि.सं. १९८१) नेपालमा तिब्बतको खाम् (अम्दो) प्रदेशबाट 'कुनसां लोसेल' नामक एक लामा आइपुग्नुभएको थियो । नेपालका सुप्रसिद्ध चैत्यहरू (नमोबुद्ध, स्वयम्भू र बोधनाथ) दर्शन गर्न आउनुभएका वहाँ लामाले पछि आएर ठाउँ-ठाउँमा धर्मोपदेश दिँदै जानुभएको थियो, साथै ठाउँ-ठाउँमा (श्रद्धावान्‌हरूको घर-घरमा) पूजा पाठ पनि गर्दै आउनुभएको थियो ।

*(क्रमशः अर्को अङ्कमा)*

# पञ्च भौतिक देह छैन आफ्नो अधिनमा



✍ **विद्याकुमारी बज्राचार्य**

मानव जीवन पूर्णतया अनित्य हो । अहिले देखेको एक छिन पछि देखा पर्दैन । साच्चिकै भन्ने हो जीवन एक प्रकारको पानीको फोका जस्तै रहेछ । आफ्नो शरीर त आफूले भने जस्तै हुँदैन । के मेरा साखा सन्तान हुन्छ त ?

चतुर्महाभूतको अधिनमा रहेको शरीरको के ठेगाना छ र ? खालीमा उत्पन्न भयो । खालीमा बिलाएर जाने त हो नि । रित्तो भाँडो जति हल्लायो त्यति हल्लिन्छ ।

धरतीमा धेरै जिउन चिकित्सक, वैद्य कहाँ गएर मात्र हुँदैन रहेछ ? चर्तुमहाभूत जल, वायु, ताप र माटोमा एक अर्कामा घटबढ हुँदा बिरामी हुन्छ । केही जल कम हुँदा साथ मृत्यु हुन्छ भने वायु, ताप र हावाको यस्तै चलन भएपछि यमराजको अतिथि हुन्छ । के यो तेरो, मेरो भन्ने छ त ?

लामो आयु गर्न र निरोगी हुन विपश्यना ध्यान र योग एवं हिँडाइले केही लछार्दैन । जानुपर्ने सत्यतथ्यले त्यो शून्यमा विलिनै हुनुपर्छ । संसार अनित्यै अनित्यको भुँमरी जाहाँ रहेका छन् सबै प्राणीहरू ।

जति वैज्ञानिक, दार्शनिक, मानसिक र ब्यावहारिक नै जतिसुकै विद्वान विदुषीहरू नै किन नहोस् । चोला फेर्नुपर्ने भन्ने यथार्थ सत्य हो । मानवीय जीवन होइन रहेछ सम्पूर्ण बहादुर, योद्धा मै हुँ भन्ने पनि चर्तुमहाभूतहरू कम वेसी हुँदा साथ मर्नु नै पर्ने हुन्छ । त्यसैले मर्नुलाई नै जन्मेका हौं, हामी ।

*धम्मपद*



# प्रकीर्ण वर्ग

*भावानुवाद :* **सत्यमोहन जोशी**

अल्पगु सुखया त्यागं विपुल सुख दैगुसा
चीधंगु सुख तोतेमा, धीरं तःधंगु भिं धया ॥१॥

करपिन्त बिया दुःख जूम्ह थः सुख याय् धका
व्यक्तिया, शत्रु संसर्ग जूगुलिं शत्रु दै सदा ॥२॥

मागु मयाम्ह, म्वाम्वागु धासा याइम्ह व्यक्तिया
अभिमानी अहंकारी जुया आश्रव दै सदा ॥३॥

याई मखु अकर्तव्य कायानुस्मृति दै सुया
याई कर्तव्यहे वं सो, सदैव उद्यमी जुया
थुजोम्ह स्मृतिवानजूम्ह, जागरूक सचेतम्ह
व्यक्तिया क्षय ज्वी सारा मभिंगु चित्तया मल ॥४॥

मां-तृष्णा, ब्वा-अहंकार, निगू दृष्टि निम्हं जुजु
अनुचर हनं राग, स्कंधादि-राष्ट सो उगु
तथैव व्याघ्र खः न्यागू आवरणा दिनं थन
फुक्क हनन यासा ज्वी निष्पाप नित ब्राह्मण ! ॥५,६॥

बुद्ध, धर्म, तथा सङ्घयागु स्मृति सधां तया
ज्वीपिं गौतमया शिष्य च्वनी जाग्रतहे जुया ॥७,८,९॥

कायस्मृति तया चोंपिं, अहिंसाय् मननं दुपिं
योगाभ्यासे हनं चोंपि गौतम शिष्य वर्गपिं
चान्हं न्हिनं सदाकालं जागरुक जुया च्वना
निर्वाण पदया मार्ग लक्ष्ययाना स्वया च्वना ॥१०,११,१२॥

प्रव्रज्याय् मन तय् थाकु, गृहस्थे दुःख यक्व दु
असमान जुया चोंपि नाप ह्वने मजा मदु
आवागमनया चक्रे लाना च्वनेगुनं मज्यू
तोतालि चक्रया मार्ग दुःख रहित ज्वीगु ज्यू ॥१३॥

श्रद्धावान्ह्म सदाचारी यशस्वी सद्गुणी धनी
न्ह्याथाय् वोंसां सदाकालं मान सत्कार दै इमि ॥१४॥

खने दै सन्तपिं न्ह्योने तापाकंहे हिमालथें
असत्पुरुष ज्वी लोप ख्यौंथाय् कय्कीगु वाणथें ॥१५॥

एकाशन छपा लासा याना ज्वीह्म निरालस
संयसी व्यक्तिमा बास वने ज्वी सुखपूर्वक ॥१६॥

## आदर्शमयी आर्य नारी ... ...

शाक्यमुनि भगवान् बुद्धले दिनुभएको गरु धर्म पालनको आदेशलाई शिरोपर गरी महाप्रजापति गौतमीले ती आठवटै गरु धर्महरू गौरव पूर्वक पालन गर्न स्वीकार्नुभयो । तत्कालै महाप्रजापति गौतमी सहित अन्य ५०० जना नारीहरूले पनि उपसम्पदा प्राप्त गर्नुभयो । यसरी शाक्यमुनि बुद्धको बुद्धशासनमा भिक्षुणी संघको उदय भयो । त्यसपछि पनि भगवान् बुद्धले समयानुकूल परि स्थितिलाई मध्यनजर राखी भिक्षुहरूलाई २२७ वटा नियमहरू र भिक्षुणीहरूलाई ३११ वटा नियमहरू पालन गर्नुपर्ने विनय बनाउनुभएको विषयमा उल्लेख गरिएको पाइन्छ ।

भिक्षुणी हुनुभएकी महाप्रजापति गौतमी सहित अन्य ५०० जना भिक्षुणीहरू पनि धर्म अभ्यास गर्नुहुँदै एकदिन ऋद्धि सहित अरहन्त (मुक्त) हुनुभएको उल्लेख छ । त्यसपछि भगवान् बुद्धले महाप्रजापति गौतमीलाई उहाँको यागेदान र क्षमतालाई कदर गरी चीररात्रज्ञ भिक्षुणीहरूमध्ये अग्रपद प्रदान गर्नुभई सम्मान दिनुभएको

*( क्रमशः पेज १८ मा हेर्नुहोला )*

# दान



✍ **प्रदिप शाक्य 'घोषक'** (संकलक)
*नयाँ बानेश्वर*

'दान' शब्द हेर्दा अत्यन्तै सामान्य र सरल देखिन्छ। यसको सामान्य अर्थ हुन्छ - त्याग्नु, दिनु, छोड्नु, अर्पण गर्नु, हस्तान्तरण गर्नु वा समर्पण गर्नु आदि। तर बुद्ध शासनमा तथागत गौतम बुद्धको शिक्षा अनुसार 'दान' को महत्व अति सारगर्भित छ। किनकी बुद्ध जीवनी अध्ययन गर्दा 'बुद्ध' हुन चाहने बोधिसत्वहरूले हजारौं हजार वर्षसम्म मात्र नभै कल्पौंकल्पसम्म दान पारमिता पूर्ण गरेर मात्र 'बुद्धत्व' लाभ गर्न सकेको इतिहास देखिन्छ। उदाहरणको लागि राजकुमार सिद्धार्थले जगतलाई दुःखबाट मुक्ति दिलाउनको लागि आवश्यक ज्ञानको खोजीको क्रममा आफ्नो जहान परिवार बालबालिका देखि राजपात सुख ऐश्वर्य सबै कुराको त्याग गरेको पाइन्छ। यो नै दान पारमिता हो। तसर्थ यसै दान शब्दको गहन अर्थ आफूसंग भएको भौतिक अभौतिक वस्तुहरू लोक कल्याण एवं मानव कल्याण तथा सम्पूर्ण सत्व प्राणीहरूको हित सुखको लागि निस्वार्थरूपले त्याग गर्नु अर्पण गर्नु हो। यसप्रकार गरिएको दानको आनिशंसले पारमिता गुण धर्म पूर्णताको लागि हेतु बन्न सफल हुन्छ।

बुद्ध शासनको चिरस्थायित्वको लागि यस लोकमा भिक्षु-भिक्षुणीहरूको अस्तित्व आवश्यक रहन्छ। त्यसैले भिक्षु-भिक्षुणीहरूको जीवन दिर्घायु हुनु भनेको शासनको चीरस्थायी हुनु हो। बुद्ध शासनका प्राण दाता भन्नु नै भिक्षु-भिक्षुणीहरू हुन्। उहाँहरूको जीवनयापनको लागि चतुपरिषद्को आवश्यकता हुन्छ। जुन परिषद्मा दाताको रूपमा उपासक उपासिकाहरू रहेको हुन्छ। यी नै उपासक उपासिकाहरूको निस्वार्थपूर्ण दानको कारण नै भिक्षु-भिक्षुणीहरूको संघको अस्तित्व रहेको छ। यसरी दिइएको दानबाट नै आजसम्म बुद्ध शासनलाई टिकाइ राख्नुको लागि टेवा पुगेको छ। त्यसकारण यहाँ दानको प्रकार तथा यसको आनिशंसबारे उल्लेख गर्नु सान्दर्भिक देखिन्छ। बुद्ध शासनमा दानलाई तीन प्रकारले विभाजन गरिएको पाइन्छ। ती हुन् -

१. आमिष दान २. अभय दान ३. धर्म दान

**१. आमिष दान** - यस अनुसार कुनै पनि व्यक्तिले आफ्नो स्वामित्वमा रहेको कुनै पनि भौतिक वस्तुलाई अरूको हित कल्याणको लागि दिनु भन्ने बुझिन्छ। यस अन्तर्गत चतुप्रत्यय दान पनि पर्दछ। चतुप्रत्यय भन्नाले बुद्ध शासनमा प्रव्रजित भै सबै सत्वप्राणीहरूको कल्याणको लागि शिक्षा प्रदान गर्दै चारिका गर्ने धर्माचार्य भिक्षु-भिक्षुणीहरूलाई आवश्यक आधारभूत वस्तुहरू जस्तै गाँस बास कपासको उचित प्रबन्ध गर्नु हो। जस अनुसार पहिरनको लागि चीवर त्यस्तै धर्मसाकच्छा तथा देशनाको लागि उपयुक्त वातावरणसहितको आवासगृह अर्थात् विहार, दैनिक जीवन निर्वाहको लागि आहार भोजन र रोग लाग्दा औषधोपचार आवश्यक हुन्छ। यी नै चारवटा आधारभूत आवश्यकता नै चतुप्रत्यय हो। यी नै वस्तुको दान नै चतुप्रत्यय दान भनिन्छ। प्रव्रजित जीवनको लागि चतुप्रत्यय अपरिहार्य आवश्यकता हुन्।

यस अतिरिक्त आफूसंग भएको चल अचल सम्पत्ति, पूजा कर्मको लागि आवश्यक पुष्प, दीप, धूप, जल, खाद्य सामान आदि पनि दान गरिन्छ। यसरी तन मन धनद्वारा गरिने दानलाई नै यहाँ आमिष दान भनिन्छ। उदाहरणको लागि तत्कालिन समयमा विहार निर्माण गरी दान गरिएकामध्ये अनाथपिण्डिक महाजनद्वारा निर्मित जेतवनाराम विहार, राजा बिम्बिसारद्वारा निर्मित वेलुवनाराम विहार, महाउपासिका विशाखाद्वारा निर्मित पूर्वाराम विहार, घोषक सेठद्वारा निर्मित घोषिताराम विहार एवं कपिलवस्तुका शाक्यहरूद्वारा निर्मित निग्रोधाराम विहारहरू प्रमुख हुन्।

**२. अभयदान** - यो दोस्रो प्रकारको दान हो। 'अभय' शब्दबाटै प्रष्ट हुन्छ कि 'अ' + 'भय' को अक्षरबाट बनेको शब्दको शाब्दिक अर्थ भयरहित अर्थात् डर त्रास नभएको।

सम्पूर्ण सत्वप्राणीहरू स्वतन्त्रपूर्वक बाँच्न चाहन्छन् । यी सत्वप्राणीहरूलाई जीवनको भयत्रासयुक्त वातावरणबाट अलग वा मुक्त गराउनु नै अभयदान हो । प्राणी मात्रलाई रोग, शोक, मरण भय जस्ता दुःखबाट विमुक्त गराउनु नै अभय दान हो । भयभित प्राणीहरूलाई निर्भय बनाई दिनु हो । कसैले पनि कुनै प्राणी माथि आघात नपुऱ्याइकन भयरहित भएर जीउन दिनु नै वास्तवमा अभय जीवन दान हो भन्ने बुझिन्छ । उदाहरणको लागि सिद्धार्थ गौतमले बोधिसत्व कालमा सुत्केरी बघिनीलाई आफ्नो मंस काटेर खुवाउनाले अत्यन्तै दुर्बल भएको बघिनीले उक्त आहारको कारण तन्दुरुस्त भै आफू र आफ्ना बच्चाहरूको समेत जीवन बचाउन सफल भएको कुरा जातक कथामा स्पष्ट उल्लेख छ । सो घटना भएको स्थल उपत्यकासंगै जोडिएको जिल्ला काभ्रेको पूर्वी दक्षिणी भेगमा पर्दछ । जुन हाल नमो बुद्ध (नमरा) को नामले धार्मिक पर्यटकीय स्थलको रूपमा सुपरिचित रहेको छ ।

३. **धर्मदान** - पालि भाषामा प्रयुक्त शब्द "धम्मदान" को नेपाली रुपान्तर धर्मदान हो । यस दानको महत्वबारे बौद्ध साहित्यमा उल्लिखित बुद्ध वचनलाई उद्धृत गर्नु सान्दर्भिक देखिन्छ - "सब्ब दानं धम्म दानं जिनाति ।" अर्थात् सबै दानहरूलाई धर्मदानले जित्दछ । यहाँ 'धर्म' भन्नाले बुद्धोपदेशलाई लिइन्छ ।

बुद्धले चार असंख्य एक लाख कल्पसम्म पारमिता गुणधर्म पालन गरेर प्राप्त गर्नुभएको ज्ञानलाई "बोधिज्ञान" भनिन्छ । यही बोधिज्ञानलाई अर्को शब्दमा शिक्षा वा उपदेशको रूपमा लिइन्छ । यसरी बुद्धले स्वयं आफैले अनुभवद्वारा प्राप्त गर्नुभएको बोधिज्ञानलाई सारा जगत प्राणीहरूको हित कल्याणको लागि ४५ वर्षसम्म अनवर तरूपमा गाउँ-गाउँ, निगम-निगममा चारिका गर्नु भई भिक्षु संघ लगायत सर्वसाधारणलाई देशना गर्नुभएको थियो । यसरी गुरु शिष्य परम्पराबाट प्रदान गरिएको उक्त शिक्षा वा ज्ञानलाई भिक्षु-भिक्षुणी एवं उपासक-उपासिकाहरूको माध्यमबाट पनि सत्व प्राणीहरूको कल्याणको निम्ति वितरण गर्नुलाई नै यहाँ धर्मदान भनिएको हो ।

अझ विस्तारितरूपमा भन्नुपर्दा यी नै बुद्ध शिक्षालाई संग्रह गरी पुस्तककारूपमा प्रकाशन गरेर

*( क्रमशः पेज १७ मा हेर्नुहोला )*



***पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु***
***पुण्य (कुशल कर्म) गर्दै जानु ।***
***आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥***
***यही नै बुद्धको उपदेश हो ।***

**बिश्व मोटर ट्रेडर्स**
**अनूर सुन्दर तुलाधर**
**सलिल सुन्दर तुलाधर**
**काठमाडौं, नेपाल ।**
**मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७**
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्‌हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

# पञ्चदान ज्याङ्वः



*(पञ्चदानं लिपा मैत्री सूत्र पाठ याना बिज्यासे श्रद्धेय गुरुमांपिं व पाठ न्यनाच्वनादीपिं वनेमा चुकया दातापिं ।)*

*वि.सं. २०८१ १५ गते, शनिबार ।*
*वनेमा चुक, किलागः, यें ।*

थौं पञ्चदानया दिनस वनेमा चुक तुलाधर पुचलं पञ्चदान बीगु ज्याभ्वः न्ह्याकूगु दु । थुगु ज्याभ्वःलय् धर्मकीर्ति विहारपाखें पात्र ज्वनाः बिज्याःपिं श्रद्धेय प्रवजित गुरुमांपिं जवनवती, सुजाता, केशावती, खेमावती, दानवती, इन्दावती, वीर्यवती, शुभवती, वण्णवती, सुवण्णवती, क्षान्तिवती वा सत्यवती आदि भिंनिम्ह गुरुमांपिन्त पञ्चदान बीगु ज्याभ्वः क्वचायेकूगु दु ।

ज्याभ्वलय् गुरुमांपिसं ज्याभ्वः ग्वसाःमिपिं लगायत चुक निवासी सकसितं मंगल ज्वीमा धयागु तातुनाः मैत्री सूत्र पाठ यानाबिज्याःगु खः ।

## दान क्रमशः

निशुल्क दान गर्नु, अरूको जीवनको कल्याण कामना गरेर शिक्षा प्रचार गर्नु, ध्यान शिविरहरू संचालन गरेर प्रतिपत्ति शिक्षाको अनुभव अभ्यास गराउनु, समयानुकूल विभिन्न बौद्ध संवेजनीय स्थलहरूको धार्मिक यात्रा गराई उक्त स्थानको पुरातात्विक एवं ऐतिहासिक महत्वबारे जानकारी हासिल गराउनु आदिलाई पनि धर्मदान कै रूपमा लिइन्छ ।

हाल अत्याधुनिक युग अर्थात् कम्प्यूटर युगमा विभिन्न सामाजिक सञ्जालहरूको प्रयोग गरेर धर्म देशनाहरू भईरहेको कारण उक्त देशनाहरूलाई आफूले मात्र श्रवण गर्ने नभई आफ्ना इष्टमित्र, साथीभाई, छिमेकी लगायत अन्य ञाति वन्धुहरू समेतलाई श्रवण गर्ने अवसर प्रदान गर्नको लागि एक आपसमा परस्पर आदानप्रदान गर्नुलाई पनि यसै धर्मदान अन्तर्गत समाहित गर्न सकिन्छ । यसरी अन्य प्राणीहरूको कल्याणको उद्देश्य राखेर गरिने दान नै सबैभन्दा उत्तम श्रेष्ठ पवित्र धर्मदाको रूपमा उल्लेख गरिएको छ ।

यसप्रकारको उत्तम पनित धर्मदानको माध्यमबाट सम्पूर्णले शिक्षा ग्रहण गर्न सकेको खण्डमा यो दुर्लभ मनुष्य जीवन उपयोगी एवं सार्थक हुने कुरामा दुईमत नहोला । बुद्ध वचन अमृत वचन हुनुको साथै अत्यन्तै जीवनोपयोगी एवं व्यवहारिक रहेको शिक्षापद हो ।

भवतु सब्ब मङ्गलं ।

# (Aarus) आरुस लाइफ स्टाइल अस्पतालमा ५० जना प्रव्रजित गुरुमांहरूलाई भोजन दान



*Aarus अस्पतालमा स्वास्थ्य सेवा क्षेत्र र लक्ष बारे जानकारी प्रस्तुत गर्नुहुँदै सारदा मान शाक्य*

*वि.सं. २०८१ भाद्र १५ गते,*
*आरुस अस्पताल, कुपण्डोल ।*

यसदिन आरुस लाइफस्टाइल अस्पताल परिवारबाट ५० जना प्रव्रजित गुरुमांहरूलाई भोजन दान एवम् दान प्रदान गरी पुण्य सञ्चय गरिएको छ । श्रद्धेय धम्मवती गुरुमां सहित ५० जना प्रव्रजित गुरुमांहरू सहभागी रहेको उक्त कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमांले धर्मदेशना गर्नुभएको थियो । उक्त कार्यक्रममा श्रद्धेय धम्मवती गुरुमां प्रमुख सबै गुरुमांहरूबाट सामूहिक परित्राण पाठ गरिएको थियो ।

यसरी नै कार्यक्रमको अन्त्यमा पुण्यानुमोदन गरी कार्यक्रममा सम्बोधन गर्नुहुँदै आरुस अस्पतालका प्रतिनिधि शारदामान शाक्यले भन्नुभयो - "यस अस्पतालले भन्ते गुरुमांहरूलाई डाइविटिज रोग सम्बन्धी उपचार क्रममा निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएकोमा हाल यस अस्पतालमा डाइविटिज रोग लगायत अन्य विभिन्न रोगहरूको पनि उपचार कार्य सञ्चालन गरी स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएका छौं । अब यस अस्पतालले भन्ते गुरुमांहरूका लागि डाइविटिज लगायत अन्य स्वास्थ्य सेवामा पनि ५०५ सम्म छुट प्रदान गरी स्वास्थ्य सेवा उपलब्ध गराउने जानकारी गराउँछौं ।" कार्यक्रमको अन्त्यमा पुण्यानुमोदन गरी उक्त कार्यक्रम समापन गरिएको थियो ।

**आदर्शमयी आर्य नारी ... ...**

विषयमा पनि उल्लेख पाइन्छ ।

यसरी हामीले पनि आर्शमयी आर्य नारी महाप्रजापति गौतमीको आदर्शलाई मनन गरी उहाँले यैंयाः पुन्हि (मधु पूर्णिमा) को दिन स्थापना गर्नुभएको भिक्षुणी शासनलाई चिरस्थायी बनाउन मेहनत गर्दै बुद्ध शासनलाई समेत चिरस्थायी बनाऔं र लोकुत्तर मार्गमा अगाडि बढ्न सकौं । भवतु सब्ब मंगलम् ।



# धर्मकीर्ति विहारमा २०८१ साल गुंला पर्व एक महिना (श्रावण २१ – भाद्र १९) बुद्धपूजा र धर्मदेशना

| क्र.सं. | २०८१ श्रावण / भाद्र | बुद्धपूजा गर्नुहुने श्रद्धेय गुरुमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय गुरुमांहरू |
|---|---|---|---|
| १ | श्रावण २१ सोमबार, पारु | त्यागवती | धम्मवती |
| २ | श्रावण २२ मंगलबार, द्वितीया | पञ्ञावती | पञ्ञावती |
| ३ | श्रावण २३ बुधबार, तृतीया | जवनवती | जवनवती |
| ४ | श्रावण २४ बिहिबार, चतुर्थी | केशावती | केशावती |
| ५ | श्रावण २५ शुक्रबार, पञ्चमी | खेमावती | खेमावती |
| ६ | श्रावण २६ शनिबार, षष्ठी | दानवती | दानवती |
| ७ | श्रावण २७ आइतबार, सप्तमी | त्यागवती | त्यागवती |
| ८ | श्रावण २८ सोमबार, अष्टमी | मेत्तावती | मेत्तावती |
| ९ | श्रावण २९ मंगलबार, नवमी | इन्दावती | इन्दावती |
| १० | श्रावण ३० बुधबार, नवमी | वीर्यवती | वीर्यवती |
| ११ | श्रावण ३१ बिहिबार, दशमी | शुभवती | शुभवती |
| १२ | श्रावण ३२ शुक्रबार, एकादशी | अमता | अमता |
| १३ | भाद्र १ शनिबार, त्रयोदशी | वण्णवती | वण्णवती |
| १४ | भाद्र २ आइतबार, चतुर्दशी | सुवण्णवती | सुवण्णवती |
| १५ | भाद्र ३ सोमबार, गुंपुन्ही | खेमावती | धम्मवती |
| १६ | भाद्र ४ मंगलबार, पारु | क्षान्तिवती | क्षान्तिवती |
| १७ | भाद्र ५ बुधबार, द्वितीया | पञ्ञावती | पञ्ञावती |
| १८ | भाद्र ६ बिहिबार, तृतीया | जवनवती | जवनवती |
| १९ | भाद्र ७ शुक्रबार, चतुर्थी | केशावती | केशावती |
| २० | भाद्र ८ शनिबार, पञ्चमी | खेमावती | खेमावती |
| २१ | भाद्र ९ आइतबार, षष्ठी | त्यागवती | दानवती |
| २२ | भाद्र १० सोमबार, सप्तमी | त्यागवती | त्यागवती |
| २३ | भाद्र ११ मंगलबार, अष्टमी | मेत्तावती | मेत्तावती |
| २४ | भाद्र १२ बुधबार, दशमी | इन्दावती | इन्दावती |
| २५ | भाद्र १३ बिहिबार, एकादशी | वीर्यवती | वीर्यवती |
| २६ | भाद्र १४ शुक्रबार, द्वादशी | शुभवती | शुभवती |
| २७ | भाद्र १५ शनिबार, त्रयोदशी | खेमावती | धम्मवती |
| २८ | भाद्र १६ आइतबार, चतुर्दशी | अमता | अमता |
| २९ | भाद्र १७ सोमबार, औंशी | वण्णवती | वण्णवती |
| ३० | भाद्र १८ मंगलबार, औंशी | केशावती | केशावती |
| ३१ | भाद्र १९ बुधबार, पारु | खेमावती | धम्मवती |



# निर्वाणमूर्ति विहारमा एक दिवशिय विपश्यना शिविरः एक स्मरण

✍ **शिशिल चित्रकार**

२५६८ औं वैशाख पूर्णिमाको दिन, निर्वाणमूर्ति विहार किम्डोलमा एक दिवशिय विपश्यना ध्यान बस्न पाउँदा निकै खुसी अनुभव भयो । यसो त भगवान बुद्ध जन्मेको, बुद्धत्वलाभ तथा महापरिनिर्वाणको रूपमा मनाइने बुद्ध पूर्णिमा (स्वाँया पुन्हि) को विशेष महत्व त बुद्धत्व लाभलाई नै मान्न सकिन्छ ।

यस पावन दिनमा भगवान् बुद्ध प्रति श्रद्धाभाव जाग्नु, विविध कार्यक्रपको आयोजना गर्नु ठिक वा बेठिक के कसो हो आ-आफ्नो क्षेत्रले नै जानुन् यो बहसको विषय पनि होइन । भगवान् गौतम बुद्ध प्रति सच्चा श्रद्धा व्यक्त गर्ने उपाय भनेको त वहाँ तथागतको मार्ग दर्शनमा हिंड्नु, हिंड्न प्रयास गर्नु नै हो । यसमा त शायद कसैको विमति नहोला ।

यसै सिलसिलामा यही जेष्ठ १ गते देखि निर्वाणमूर्ति विहार किम्डोलमा एक दिवशिय विपश्यना शिविर सञ्चालनको आयोजना भएकोमा बुद्ध पूर्णिमाको दिन पनि पुनः आयोजना भएको थियो । बुद्ध पूर्णिमाको दिन आयोजित कार्यक्रम विहान जलपान पश्चात् ८ बजे देखि आनापान शुरु भई१० बजे विपश्यना भयो । ११ बजे भोजन पश्चात् १२ बजे देखि २ सम्म विपश्यना, त्यसपछि मंगल मैत्री प्रदान र केही प्रवचनको पनि व्यवस्था भयो ।

यसरी साधक साधिकाहरूलाई पुनर्ताजगीको रूपमा एक दिवशिय विपश्यनाकोमहत्व सर्वविदित नै छ । विभिन्न कारणवशः घरमा विहान बेलुकाको नियमित अभ्यास छुटेकाहरूलाई पनि यो एक दिवशिय विपश्यनामा फेरि आनापान र विपश्यना ग्रहणको सुअवसरमा मात्र मिल्ने नभई सामुहिक ध्यान अभ्यासको पनि विशेष लाभ प्राप्त हुन्छ ।

यसै सिलसिलामा धम्मपदको एउटा गाथा राख्न उचित हुन्छ ।

**योगावे जायति भूरि-अयोगा भूरि संङ्खयो ।**
**एत द्वेधापथं ञत्वा भवाय विभवायच ।**
**तथ'त्तानं निवेसेय्य यथा भूरि पवड्ढति ॥**

अर्थः योग अभ्यासले प्रज्ञा बृद्धि हुन्छ, योग अभ्यास विना प्रज्ञा बृद्धि हुँदैन । बृद्धि हुने र अबृद्धिको यो दुई मार्ग बुझेर आफूलाई त्यो मार्गमा लगाउनु पर्दछ जुनमा प्रज्ञा बृद्धि हुन्छ । *(- मग्गवग्गो २८२)*

यस अर्थमा पनि उक्त पावन दिनमा अन्य कार्यक्रम भन्दा विपश्यना योग अभ्यास गर्नु नै सार्थक मार्ग मान्न सकिन्छ ।

मैत्री कामनाको बेलामा आफूले सञ्चय गरेको पुण्य सबैले प्राप्त गरुन, संसारको कुनै पनि प्राणी दुःखी, रोगी नहुन, सबैको रोग, दुःख हटुन् भनी अभ्यास गरिन्छ । यसको महत्तालाई कम आक्न सकिंदैन । अझ उक्त दिन विश्व विपश्नाचार्य दिवंगत सत्यनारायण गोयन्काज्यूको बुद्ध जयन्ति, बुद्धत्वलाभ र महापरिनिर्वाणको विशेष चर्चा सहितको प्रवचन सहितको प्रवचन पनि अझ स्मरणीय रह्यो । अरू बेलाको एक दिवशिय शिविर भन्दा यो दिन अझ विशेष प्रवचन भएको मान्न सकिन्छ ।

यो प्रवचनमा विपश्यना, शिल समाधि प्रज्ञाको व्याख्याहरूकै क्रममा ३८ मंगल धर्मको पतिरूपदेशवासोच पुब्बे च कतपुञ्ञताको पनि वर्णन गर्नुभयो । अनुकूल देशमा बसोवास गर्न पाउनु, पूर्व जन्मको पुण्यकर्म संचित भएको हुनु आदि मङ्गल भएको र अझ हामी नेपालीहरू भगवान् गौतम बुद्ध जन्मेको देशका बासिन्दाहरू झन् भाग्यमानी भएको पनि बताउनु भयो ।

यसै गरी थप भन्नु हुन्छ, 'अत्तसम्मा पणिधि च एतं मंगलमुत्तमं' आफ्नो वास्तविक हित धर्मको शरणमा छ । यो शील, समाधि र प्रज्ञाले युक्त विशुद्ध धर्मलाई हामीले कति सुरक्षित गर्छ वा कति हामीले धर्म धारण गर्छ, त्यतिकै हामी सुरक्षित हुन्छौं ।

*(क्रमशः २१ पेजमा हेर्नुहोला)*

# दिवंगत द्रव्यमान सिंह तुलाधरया ९४ औं जन्म जयन्तीया दिनस श्रद्धेय प्रव्रजित गुरुमांपिनिपाखें साप्ताहिक अभिधर्म पाठ ।

*वि.सं. २०८१ भाद्र ५-११ गते,*
*नक्साल, यैं ।*

दिवंगत द्रव्यमान सिंह तुलाधरया ९४ औं जन्म जयन्तीया दिनस श्रद्धेय प्रव्रजित गुरुमांपिनिपाखें साप्ताहिक अभिधर्म पाठ ज्याभ्वः क्वचायेकूगु दु । न्हय्न्हुयंकं अभिधर्मया न्हय्गू ग्रन्थ थीथी गुरुमांपिसं पाठ याना बिज्यासे न्हय्गू ग्रन्थया न्हय्म्ह थीथी गुरुमांपिसं धर्मदेशना नं याना बिज्याःगु खः । आमन्त्रित गुरुमांपिन्त जलपान, भोजन दान व दान प्रदान यासे दाता परिवारं दाता द्रव्यमान सिंह तुलाधरया सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन यानादीगु खः ।

## साप्ताहिक अभिधर्म पाठया ज्याङ्वः

| क्र.सं. | मिति २०८१ भाद्र | पाठ | पाठ याना बिज्याःपिं श्रद्धेय गुरुमांपिं | धर्मदेशना याना बिज्याःपिं श्रद्धेय गुरुमांपिं |
|---|---|---|---|---|
| १ | ५ गते बुधबार | धम्मसङ्गणी | धम्मवती, इन्दावती, वीर्यवती, करुणावती, ध्यानवती | धम्मवती |
| २ | ६ गते बिहिबार | विभङ्ग | सुजाता, केशावती | सुजाता |
| ३ | ७ गते शुक्रबार | धातुकथा | कुसुम, प्रीतिवती | कुसुम |
| ४ | ८ गते शनिबार | पुग्गल पञ्ञति | अग्गञाणी, विमलञाणी | अग्गञाणी |
| ५ | ९ गते आइतबार | कथावत्थु | अनुपमा, खेमावती | अनुपमा |
| ६ | १० गते सोमबार | यमक | निर्मलञाणी, कुशलञाणी | निर्मलञाणी |
| ७ | ११ गते मंगलबार | पट्ठान | अनुपमा, सुजाता, केशावती, खेमावती, अग्गञाणी, विमलञाणी, निर्मलञाणी, कुसुम, इन्दावती, वीर्यवती, करुणावती, ध्यानवती, प्रीतिवती, कुशलञाणी, भद्रञाणी | सुजाता |

## निर्वाणमूर्ति विहारमा एक दिवशिय विपश्यना शिविरः एक स्मरण ... ...

यसरी यो वर्षको बुद्ध पूर्णिमाको दिन एक दिवशिय विपश्यना शिविर बस्न पाउँदा आफूलाई निकै खुसिको अनुभव भयो । निश्चित रूपमा सहभागी उपासक उपाशिका (करीव ३० जना) हरू पनि प्रफुल्लित भएको नै मान्न सकिन्छ ।

निश्चित रूपमा पनि भगवान् गौतम बुद्ध जन्मनु भएको देशका हामीहरू एक प्रकारले भाग्यमानी नै हौं । तर मुख्यतया वहाँको दर्शन शिक्षा दैनिक जीवनमा उतार्न चाहिने अभ्यासबाट नै सही अर्थमा आफ्नो र अरूको पनि कल्याण हुन्छ ।

अन्तमा यो शिविर सञ्चालन गर्न सहायक आचार्य श्री सुरेश शाक्य लगायत निर्वाणमूर्ति विहार किम्डोलका गुरुमांहरू लगायत सबै स्वयं सेविकाहरू प्रति पनि साधुवाद दिन चाहन्छु । सबैको मङ्गल होस् ।

## दिनभर अभिधर्म पाठ

*वि.सं. २०८१ भाद्र ८ गते, पञ्चमी, शनिबार*
*धर्मकीर्ति विहार, धम्महल ।*



यसदिन उपासिका रत्नशोभा शाक्य र उहाँका छोरीहरू गीता र संगीता एवं ज्वाईंहरू राजु र किरण शाक्य सपरिवारको तर्फबाट सश्रद्धा अभिधर्म पाठ कार्यक्रमको आयोजना गरियो । बर्मी भन्तेहरू एवं प्रव्रजित गुरुमांहरूको समूहबाट दिनभर अभिधर्म पाठ गरिएको उक्त कार्यक्रममा धम्मवती गुरुमांबाट धर्मदेशना भएको थियो ।

कार्यक्रममा दाता परिवारले निमन्त्रित श्रद्धेय बर्मी भन्तेहरू लगायत प्रव्रजित गुरुमांहरूलाई जलपान भोजन दान एवं दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए । अभिधर्म पाठ समापन पश्चात् पुण्यानुमोदन गरी कार्यक्रम समापन गरियो ।

### अभिधर्म पाठ तालिका

| क्र.सं. | अभिधम्म पाठ | पाठ गर्नुहुने श्रद्धेय गुरुमांहरू |
|---|---|---|
| १ | धम्मसङ्गणी | सयादो उ वण्णधज (सारनाथ बर्मी विहार प्रमुख), सयादो ऊ सुजनपिय (ध्यानगुरु) |
| २ | विभङ्ग | श्रद्धावती, इन्दावती |
| ३ | धातुकथा | जवनवती, त्यागवती |
| ४ | पुग्गल पञ्ञति | सुजाता, वण्णवती, सुनिता |
| ५ | कथावत्थु | करुणावती, ध्यानवती |
| ६ | यमक | खेमावती, शुभवती |
| ७ | पट्ठान | अनुपमा, अमरावती, धम्मचारी |

❀

## धर्मकीर्ति विहारय् न्हिच्छियंकं अभिधर्म पाठ

*वि.सं. २०८१ भाद्र १० गते, मंगलबार*
*स्थान - धर्मकीर्ति विहार, धम्महल ।*

उपासिका अष्टमाया महर्जनया जन्मदिंया उपलक्ष्यय् प्रव्रजित गुरुमांपिनिपाखें उपासिकाया भिं-उसाँय् व दिर्घायु कामना यासे न्हिच्छियंकं अभिधर्म पाठ यायेगु ज्याभ्वः क्वचायेकूगु दु । उपासिका अष्टमाया महर्जन सपरिवारया ग्वसालय् न्ह्याःगु थुगु ज्याभ्वलय्, अभिधर्म पाठ न्हय्गु ग्रन्थया नं थीथी गुरुमांपिनिपाखें धर्मदेशना नं जूगु खः ।

आमन्त्रित गुरुमांपिं लगायत उपासकोपासिकापिन्त नं जलपान व भोजन प्रायोजन यासे दाता परिवारपिसं पुण्य सञ्चय यानादीगु खःसा आमन्त्रित सकल गुरुमांपिन्त यथा श्रद्धा दान प्रदान यासे पुण्य सञ्चय यानादीगु खः । ज्याभ्वःया अन्तय् पुण्यानुमोदन यानाः ज्याभ्व क्वचायेकूगु जुल ।



*अभिधर्म पाठ श्रवण यानाच्वनादीम्ह उपासिका अष्टमाया सहित सकल उपासक उपासिकापिं*

## अभिधर्म पाठ न्हिच्छियंकं

*वि.सं. २०८१ भाद्र २३ गते, आइतबार*
*कुलेश्वर, यँ ।*

उपासिका कृष्ण देवी मानन्धर (९१ वर्ष) या भिं-उसाँय् कामना यासें वयकःया छ्यँजःपिसं श्रद्धेय प्रव्रजित गुरुमांपिनि पाखें न्हिच्छियंक अभिधर्म पाठ याकूगु खः । गुरुमांपिन्त भोजन दान व दान प्रदान यानाः पुण्य सञ्चय यासे पुण्यानुमोदन नं यानाः ज्याभ्वः क्वचायकूगु खः । थुगु ज्याभ्वलय् केशावती गुरुमां नं धर्मदेशना यानाबिज्याःगु खः ।



*दाता*
*कृष्णदेवी मानन्धर*

### अभिधर्म ज्याङ्वःया तालिका

| क्र.सं. | अभिधम्म पाठ | पाठ याना बिज्याःपिं श्रद्धेय गुरुमांपिं |
|---|---|---|
| १ | धम्मसङ्गणी | पञ्ञावती, क्षान्तिवती |
| २ | विभङ्ग | खेमावती, वण्णवती |
| ३ | धातुकथा | जवनवती, शुभवती |
| ४ | पुग्गल पञ्ञत्ति | दानवती, वीर्यवती |
| ५ | कथावत्थु | केशावती, मेत्तावती |
| ६ | यमक | दानवती, त्यागवती |
| ७ | पट्ठान | त्यागवती, इन्दावती |



*अभिधर्म पाठ श्रवण लिपा पुण्यानुमोदन यानाच्वनादीपिं मां कृष्णदेवी मानन्धर व वय्कःया म्ह्याय्*

## दिनभर अभिधर्म पाठ

*वि.सं. २०८१ भाद्र २५ गते, सोमबार*
*धर्मकीर्ति विहार, धम्महल ।*

यसदिन धर्मकीर्ति विहारमा दिनभर अभिधर्म पाठ गर्ने कार्यक्रम सम्पन्न भएको छ । उपासिका जमलदेवी मानन्धरको ९२ वर्षिय जन्मोत्सवको उपलक्ष्यमा उहाँको सुखमय एवं दीर्घायु कामना गरी परिवारजनबाट आयोजित यस कार्यक्रममा श्रद्धेय सयादो उ सुजनपिय भन्तेले पञ्चशील प्रार्थना गराउनु भएको थियो । कार्यक्रमको शुरुमा श्रद्धेय धम्मवती गुरुमांबाट अभिधर्म विषयमा धर्मदेशना भएको थियो ।

आमन्त्रित श्रद्धेय भन्ते गुरुमांहरुलाई जलपान भोजन दान एवं सश्रद्धा दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएका दाता परिवारबाट अभिधर्म पाठ कार्यक्रम समापन भएपछि उहाँका सम्पूर्ण पितृजनहरुको सुगति एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको थियो ।

### अभिधर्म पाठ तालिका

| क्र. | अभिधम्म पाठ | पाठ याना बिज्याःपिं श्रद्धेय गुरुमांपिं |
|---|---|---|
| १ | धम्मसङ्गणी | सयादो उ सुजनपिय (वर्मी भन्ते) |
| २ | विभङ्ग | धम्मवती, सुनन्दावती, निर्मलञाणी इन्दावती |
| ३ | धातुकथा | धम्मवती, जवनवती, करुणावती, ध्यानवती |
| ४ | पुग्गल पञ्ञत्ति | कुसुम, जयवती, वीर्यवती, प्रीतिवती |
| ५ | कथावत्थु | सुजाता, नन्दावती, विमलञाणी |
| ६ | यमक | केशावती, खेमावती, श्रद्धावती |
| ७ | पट्ठान | पञ्ञावती, त्यागवती, शुभवती, अमता |



*पुण्यानुमोदन गर्नुहुँदै दाता परिवार*

# जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया




*कार्यक्रममा सहभागी महानुभावहरू*

*वि.सं. २०८१ श्रावण १२ गते, शनिबार ।*
*धर्मकीर्ति विहार, धम्महल*

यसदिन शाक्यधिता नेपाल, तबः मिसा पुचः, उदाय समाज मिसा पुचः एवं वातसल्य नेपालको संयुक्त आयोजनामा जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

प्राप्त समाचार अनुसार शाक्यधिता नेपालका कोषाध्यक्ष सृजना बज्राचार्यले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा शाक्यधिता नेपालका सहकोषाध्यक्ष अनिता मानन्धरज्यूले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । केशावती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भएपछि सचिव मीना तुलाधरले वात्सल्य नेपालका समूहलाई खाडा ओढाई सम्मान गर्नुभएको थियो । शाक्यधिता नेपालका अध्यक्ष श्रद्धेय इन्दावती गुरुमांले मन्तव्य व्यक्त गर्नुभएपछि वातसल्य नेपालमा सिष्टर सानु तुलाधरले वातसल्य नेपालको कार्य क्षेत्र, र यस संस्थाबाट हुने स्वास्थ्य सेवा सम्बन्धि जानकारी प्रस्तुत गर्नुभयो । साथै जेष्ठ नागरिकहरुमा आउने परिवर्तनहरु र यसलाई कसरी हेरचाह गर्ने भन्ने विषयमा जानकारी दिनुभयो ।

कार्यक्रममा सिष्टर भावनाले जेष्ठ नागरिकहरुको शरीरमा आउने परिवर्तन र विभिन्न समस्याहरुलाई कसरी समाधान गर्ने भन्ने विषयमा जानकारी दिनुभयो । यसरी नै सिष्टर विद्याले जेष्ठ नागरिकहरुको मानसिक समस्याहरु बारे जानकारी दिनुहुँदै ती समस्याहरुको समाधान विषयमा जानकारी दिनुभएको थियो । कार्यक्रमको अन्त्यमा तबः मिसा पुचःका उपाध्यक्ष मन्दिरा ताम्राकारले धन्यवाद ज्ञापन गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो ।



**लुम्बिनी**



**बोधगया**



**सारनाथ**



**कुशीनगर**

# धर्मकीर्ति विहारमा दिनभर अभिधर्म पाठ



धम्मसङ्गणी पाठ गर्नुहुँदै श्रद्धेय सयादो उ सुजनपिय (बर्मी भन्ते)



विभङ्ग पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू धम्मवती, सुनन्दावती, निर्मलत्राणी र इन्दावती




धातुकथा पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू जवनवती, करुणावती, ध्यानवती



पुग्गलपञ्ञति पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू कुसुम, जयवती, वीर्यवती र प्रीतिवती




कथावत्थु पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू सुजाता, नन्दावती र विमलत्राणी



यमक पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू केशावती, खेमावती र श्रद्धावती



पट्ठान पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू पञ्ञावती, त्यागवती, शुभवती र अमता

# अन्तरक्रिया कार्यक्रम सम्पन्न



*खादा ओढाई सम्मान गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमां*



*धर्म प्रचार कार्यमा लागिरहेको अवस्थामा आफूले बटुलेको अनुभव व्यक्त गर्नुहुँदै श्रद्धेय सुजाता गुरुमां*

*२०८१ भाद्र २०, बिहिबार ।*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

शाक्यधिता नेपालले गत ३ वर्ष अगाडि देखि नै सञ्चालन गर्दै आइरहेको अन्तरक्रिया कार्यक्रम यसदिन पनि सम्पन्न गरेको छ । २१ औं शताब्दीका प्रव्रजित गुरुमांहरूबाट बुद्धशासन चिरस्थायी गर्ने कार्यमा पुऱ्याइरहेको योगदान विषयमा सञ्चालन भइरहेको यस कार्यक्रमले एघारौं पटकको रुप लिइएको बुझिएको छ । यस पटकको कार्यक्रममा श्रद्धेय सुजाता गुरुमांको योगदानलाई उल्लेख गरिएको छ ।

श्रद्धेय धम्मवती गुरुमांको सभापतित्वमा एवं वरिष्ठ विपश्यनाचार्य श्रद्धेय सुजाता गुरुमांको प्रमुख अतिथित्वमा शाक्यधिता नेपालका उर्मिला तुलाधरले सञ्चालन गर्नु भएको यस कार्यक्रममा शाक्यधिता नेपालका अध्यक्ष श्रद्धेय इन्दावती गुरुमांले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा उपाध्यक्ष डा. सुमन कमल तुलाधरले श्रद्धेय सुजाता गुरुमांको संक्षिप्त परिचय प्रस्तुत गर्नुभएको थियो ।

शाक्यधिता नेपालका धम्मानुशासक श्रद्धेय धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भई, दीयो बाली उद्घाटन गर्नु भएको उक्त कार्यक्रममा उहाँले प्रमुख अतिथी श्रद्धेय सुजाता गुरुमांलाई खादा ओढाउनु भई सम्मान गर्नुभएको थियो । साथै श्रद्धेय धम्मवती गुरुमांले ओवाद दिनुभई मार्ग निर्देशन पनि गर्नुभएको थियो ।

श्रद्धेय सुजाता गुरुमांले उहाँको जीवनमा बुद्ध शिक्षा प्रचार कार्यक्रममा उहाँले सँचय गर्नुभएका अनुभवहरू बताउनु भएको थियो ।

यसको आधारमा उहाँको संक्षिप्त जीवनी यहाँ उल्लेख गरिएको छ ।

"बुबा कुलनरसिंह शाक्य र आमा हेराशोभा शाक्यका दोश्रो सन्तानको रुपमा वि.सं. २०१६ भाद्र १९ गते नकबहिल पाटनमा जन्मनु भएकी सुजाता गृहस्थ जीवनमा बुबासंगै शाक्य सिंह विहारका प्रमुख संघनायक भिक्षु प्रज्ञानन्द भन्तेबाट बुद्ध शिक्षा सिक्ने मौका प्राप्त गर्नुभयो । त्यसपछि बर्मा पुगी श्रद्धेय दो पञ्ञाचारी गुरुमांको आचार्यत्वमा वि.सं. २०३८ असार महिना (सन् १९८१ July) मा प्रव्रजित गुरुमां हुनुभयो । सो पश्चात् उहाँ नेपाल फर्कनु भएपछि काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा विहारहरूमा लगायत लुम्बिनी स्थित विभिन्न स्थानहरूमा परियत्ति शिक्षा सम्बन्धि कक्षा संचालन गर्नुभएको थियो । उहाँले वि.सं. २०५४ सालमा चीनको क्यान्टन सिटी स्थित ऊ चो आन् टेम्पलमा उपसम्पदा हुनुभयो भने सोही सालमा भारतको बुद्धगयामा पनि उपसम्पदा हुनुभएको कुरा बुझिएको छ । वरिष्ठ विपश्यनाचार्य समेत हुनुभएकी श्रद्धेय सुजाता गुरुमांले बुद्ध शासन चिरस्थायी गर्ने क्षेत्रमा महत्वपूर्ण भूमिका निभाउनु हुँदै समय समयमा विभिन्न स्थानहरू र विहारहरूमा धर्मदेशना गर्दै धर्मप्रचार कार्यमा अग्रसर रहनु भएको छ ।"

कार्यक्रमको अन्त्यमा शाक्यधिता नेपालका सचिव मीना तुलाधरले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गर्नु भएको थियो ।



*स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय इन्दावती गुरुमां*



*कार्यक्रम सञ्चालन गर्नुहुँदै उर्मिला तुलाधर*



*सुजाता गुरुमांको संक्षिप्त परिचय प्रस्तुत गर्नुहुँदै डा. सुमन कमल तुलाधर*



*धन्यवाद ज्ञापन गर्नुहुँदै मीना तुलाधर*

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com